# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
[illegible]@gmail.com

वर्ष ११ | अंक ३२७ | काठमाडौं | आइतबार, १० चैत २०८१ | Prabhab National Daily | Sunday, March 23, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


दलितको घरमा डोजर प्रकरण

## जातीय विभेद र छुवाछूतसम्बन्धी कसूरमा अनुसन्धान

- दलितको उठीबास गराउने पालिका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दीलिप यादव पक्राउ, बजरंगी बाबा पक्राउ पर्न बाँकी
- आरोपीहरूविरूद्ध जातीय विभेद र छुवाछूतसम्बन्धी कसूरमा अनुसन्धान
- विस्थापित दलित परिवार न्यायको पर्खाइमा
- सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल गृहमा तानिए

**प्रभाव संवाददाता**


शिवजी यादव


दीलिप यादव

**काठमाडौं–** 'विष्णु महायज्ञ'को नाममा सिरहाको औरही-५ मा घर भत्काएर दलित परिवारलाई उठीबास लगाएको घटनामा पक्राउ परेका आरोपीहरूविरुद्ध प्रहरीले जातीय विभेद तथा छुवाछूतसम्बन्धी कसूरमा अनुसन्धान गर्ने भएको छ ।

पक्राउ परेका आरोपीहरू औराही गाउँपालिकाका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दीलिप यादव हुन् । अर्का आरोपी बजरंगी बाबा भने पक्राउ परेका छैनन् । उनीहरूविरुद्ध पीडित दीपक मरिकले जिल्ला प्रहरी कार्यालय सिरहामा जाहेरी दिएका छन् । सिरहाका प्रहरी प्रमुख एसपी रमेश पण्डितले उजुरी प्राप्त भएपछि अनुसन्धान थालिएको बताए । उनले प्रभावसँग भने, 'किटानी जाहेरी परिसकेको छ । जाहेरीको आधारमा हामी अनुसन्धानलाई अघि बढाउँछौं ।'

दीपकको घर गत १० फागुनमा बाबाले भनेअनुसार पालिका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दीलिप यादवले भत्काइदिएका थिए । तर, घटना लामो समय सार्वजनिक भएन । गुपचुप थियो । गत सातामात्रै घटना उजागर भयो । मधेस संसद्देखि संघीय संसद्सम्मै सांसदहरूले विरोध गरेका थिए । पीडित दलित परिवारलाई न्याय दिन र उनीहरूको सुरक्षाको माग भएको थियो ।

राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रिय दलित आयोगले घटनालाई चासोपूर्वक लिँदै स्थलगत अनुगमन गरेका थिए । यसपछि शुक्रबार नै पालिका अध्यक्ष शिवजी र पूर्ववडाध्यक्ष दीलिपलाई प्रहरीले पक्राउ गरेको थियो ।

क्रमश: पृष्ठ २ मा

एमसिसी परियोजनाको अनिश्चितता

## खरिद र कार्यालय सञ्चालन कार्यका लागि अनुमति, समीक्षापछिको परिणाम भने अनिश्चित

- एमसिसी कम्प्याक्टअन्तर्गतका केही कार्यहरू अघि बढाउन अनुमति
- सहयोग निरन्तरताका लागि नेपाल सरकार र मिलेनियम च्यालेञ्ज कर्पोरेसनसँग निकटतापूर्वक समन्वय गरिरहेको एमसिए नेपालको भनाइ
- ट्रम्प प्रशासनले ९० दिन एमसिसी कम्प्याक्टअन्तर्गतका कार्यहरूमा भुक्तानी स्थगित गर्न आदेश दिएसँगै एमसिसी परियोजनाअन्तर्गतका कामहरू अनिश्चित बनेको थियो

**जेबी योञ्जन**

**काठमाडौं–** अमेरिकी राष्ट्रपतिका रूपमा कार्यभार सम्हाल्दै डोनाल्ड ट्रम्पले एक कार्यकारी आदेशमा हस्ताक्षर गरेपछि भुक्तानी स्थगित भएको एमसिसी कम्प्याक्टअन्तर्गतका केही कार्यहरू फेरि अघि बढाइने भएको छ । एमसिए नेपालले कम्प्याक्टअन्तर्गतका कार्यहरू अघि बढाउन अनुमति पाएको जानकारी दिएको छ ।

यसअघि ट्रम्प प्रशासनले ९० दिन एमसिसी कम्प्याक्टअन्तर्गतका कार्यहरूमा भुक्तानी स्थगित गर्न आदेश दिएको थियो । यसपछि एमसिसी कम्प्याक्ट पुन: सञ्चालन हुने कि नहुने भन्ने अनिश्चय थियो । यहीबीच एमसिए नेपालले परियोजनाअन्तर्गत महत्त्वपूर्ण खरिद कार्य र कार्यालय सञ्चालनसम्बन्धी गतिविधि गर्न अनुमति पाएको जनाएको छ ।

शुक्रबार एक विज्ञप्ति जारी गर्दै एमसिए नेपालले भनेको छ, 'अगाडि बढाउन अनुमति दिइएका कार्यहरूमा महत्त्वपूर्ण खरिद कार्यहरू र कार्यालय सञ्चालनसम्बन्धी आवश्यक कार्यहरू पर्छन् । एमसिए-नेपाल कामहरूको पुन: थालनीका लागि व्यवस्थापन गरिरहेको छ भने पारदर्शिताप्रति प्रतिबद्ध रहेको छ ।'

> अगाडि बढाउन अनुमति दिइएका कार्यहरूमा महत्त्वपूर्ण खरिद कार्यहरू र कार्यालय सञ्चालनसम्बन्धी आवश्यक कार्यहरू पर्छन् । एमसिए नेपालले कामहरूको पुन: थालनीका लागि व्यवस्थापन गरिरहेको छ भने पारदर्शिताप्रति प्रतिबद्ध रहेको छ ।
>
> **एमसिए नेपाल**

एमसिए नेपालले अहिले अमेरिकी सरकारको वैदेशिक सहायतासम्बन्धी समीक्षाबारेको अद्यावधिक विवरणको प्रतीक्षा गरेको जनाएको छ । आफूमातहत भएका कार्यहरूको सुनिश्चित गर्न सरकार एमसिसी कर्पोरेसनसँग नजिक रहेर समन्वय गरिरहेको पनि उल्लेख छ ।

गएको फागुन पहिलो साता एमसिसीले नेपाललाई विद्युत् र सडक पूर्वाधारका लागि घोषणा गरिएको अनुदान अस्थायीरूपमा स्थगित गरिएको नेपाल सरकारलाई जानकारी गराएको थियो । त्यसपछि अर्थ मन्त्रालयले अमेरिकी राष्ट्रपति ट्रम्पले जनवरी २० मा जारी गरेको कार्यकारी आदेशअन्तर्गत ९० दिन वैदेशिक सहयोग रोक्का गर्ने निर्णयअन्तर्गत नेपाल कम्प्याक्टका लागि भुक्तानी रोकिएको जानकारी गराएको थियो ।

यद्यपि, डेढ महिना नपुग्दै अमेरिकी सरकारले एमसिसी नेपाल कम्प्याक्ट सम्झौता अन्तर्गतका केही कार्यक्रम अघि बढाउन अनुमति दिएको हो । एमसिए नेपालले वेबसाइटमा राखेको एक जानकारीअनुसार ट्रम्प प्रशासनले नेपालले अमेरिकाबाट कम्प्याक्टअन्तर्गत पाएको अनुदानको समीक्षाबाट निस्कने परिणामप्रति संकेत नगर्ने उल्लेख छ ।

क्रमश: पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## तीन वर्षमा इपिएसमार्फत २२ हजार श्रमिक कोरियामा

- भाषा परीक्षा उत्तीर्ण भएका ४२ प्रतिशतले मात्र पाए जाने अवसर
- ३० हजारभन्दा बढी अझै पालो कुर्दै

**ममता थापा**




**काठमाडौं–** रोजगारीका लागि नेपालीहरूको आकर्षक गन्तव्य बनेको दक्षिण कोरियामा जान हजारौं युवा प्रतीक्षारत रहेका छन् । आकर्षक तलबसहितको सुविधा तथा सरकारीस्तरबाटै जान पाउने भएकाले धेरैको सपना बनेको छ कोरिया । तर, कोरिया जाने अवसर कमैले मात्र पाउँछन् । मिहेनत गरेर कोरियन भाषा परीक्षा उत्तीर्ण गरे पनि केही 'भाग्यमानी'ले मात्र जाने अवसर पाउँछन् ।

गएको तीन वर्षको तथ्यांक हेर्दा भाषा परीक्षा उत्तीर्ण गरेर पनि कोरिया जान नपाउने संख्या ठूलो देखिन्छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको इपिएस कोरिया शाखाले सार्वजनिक गरेको तथ्यांकअनुसार सन् २०२२ देखि २०२४ सम्मको अवधिमा भाषा परीक्षा उत्तीर्ण भएकामध्ये करिब ४२ प्रतिशतले मात्रै कोरिया गएका छन् ।

शाखाका अनुसार उक्त तीन वर्षको अवधिमा ५२ हजार ६०४ जना कोरियन भाषा परीक्षामा सफल भएका थिए । उनीहरूमध्ये २२ हजार २२ जनामात्रै सबै प्रक्रिया पूरा गरी कोरिया पुगेका छन् । यो कूल भाषा परीक्षा उत्तीर्ण संख्याको ४१.८६ प्रतिशत हो । बाँकी ३० हजार ५८२ जना भने अझै पर्खाइमै छन् । सन् २०२५ लागेयता भने करिब दुई हजार ७०० जना कोरिया पुगेको तथ्यांक छ ।

सन् २०२४ मा भाषा परीक्षा उत्तीर्ण गरेकामध्ये गत डिसेम्बरसम्म करिब १० प्रतिशतमात्र कोरिया गएका छन् । उक्त वर्ष १५ हजार ४७८ जना परीक्षामा सफल भएकामा एक हजार ६२६ जनामात्र जान पाएका छन् । उक्त वर्ष १५ हजार ३२६ जना उत्पादन क्षेत्रमा जानका लागि छनोट भएका थिए । जसबाट १४ हजार ४१२ जनाको कागजात कम्पनीलाई पठाइएकामा पाँच हजार ५५२ जनाको स्वीकृत भएको थियो । यसबाट पनि तीन हजार ९२८ जनाको सम्झौता प्राप्त भएको थियो । जसमध्ये एक हजार ६२६ जना कोरिया पुगिसकेको तथ्यांक छ । अर्कोतर्फ कृषि तथा पशुपालन क्षेत्रमा उक्त वर्ष एक जना पनि गएनन् । भाषा परीक्षा उत्तीर्ण भएकाबाट ८० जनाको कागजात पठाइएकोमा एक जनाको मात्र स्वीकृत भएको थियो । कुनै वर्ष कृषिमा उल्लेख्य कामदार लग्ने गरेको कोरियाले उक्त वर्ष एक जना पनि लगेन ।

त्यसअघिको वर्ष सन् २०२३ मा परीक्षा उत्तीर्ण भएकामध्ये गत डिसेम्बरसम्म २७ प्रतिशत कोरिया पुग्न सफल भएका छन् । उक्त वर्ष १८ हजार २८२ जनाले कोरियन भाषा परीक्षा उत्तीर्ण गरेका थिए । जसमध्येबाट पाँच हजार १६ जनामात्रै कोरिया जान पाए । उत्पादनमूलक क्षेत्रमा दुई हजार ३७७, कृषि तथा पशुपालनमा ११ हजार ९१६ र सिप बिल्डिङमा तीन हजार ९८९ जनाको नाम निस्किएको थियो । उत्पादनमूलक क्षेत्रबाट एक हजार ७०६ जना र कृषिबाट दुई हजार ९९६ जना कोरिया प्रस्थान गरे । सिप बिल्डिङबाट अत्यन्तै न्यून ३१४ जना अर्थात् सात प्रतिशतलाई कोरिया लगियो ।

क्रमश: पृष्ठ २ मा


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं





सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निःसन्तनपन सम्बन्धि उपचार
HARDIK IVF and Fertility Center
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# प्रत्येक पालिकामा आपत्कालीन गोदामघर व्यवस्थापन गरिने

■ प्रभाव संवाददाता




**काठमाडौं–** गृह मन्त्रालयले विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीसहित मुलुकभरका स्थानीय तहमा आपत्कालीन गोदामको व्यवस्थापन गर्न पहल गरेको छ। गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा शुक्रबार गृह मन्त्रालयमा बसेको विषयगत समितिको बैठकले विपद् जोखिम न्यूनीकरण कार्यलाई प्रभावकारी बनाउन जोखिमको नक्सांकन, सुरक्षित बासस्थान निर्माण, पूर्वतयारी, प्रतिकार्य, पुर्नलाभ, पुनःस्थापनाका कार्य राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिहरूले समन्वायत्मकरूपमा गर्ने निर्णयसमेत भएको छ।

यसैगरी बैठकमा नगर प्रहरीको क्षमता विकासमा मागअनुसार नेपाल प्रहरीले सहयोग गर्ने निर्णय भएको गृह मन्त्रालयका प्रवक्ता/सहसचिव रामचन्द्र तिवारीले जानकारी दिए। यस्तै, पछिल्लो समय बढ्दै गएको लागुऔषध दुर्व्यसन, आत्महत्या, सडक दुर्घटना, साइबर अपराधलगायत सुरक्षा चुनौतीको न्यूनीकरण गर्दै नागरिकको जिउधन र सम्पत्तिको सुरक्षा गर्न नीति कार्यक्रम तथा पूर्वाधार निर्माणमा सहकार्यलाई थप सुदृढ बनाइने निर्णय भएको छ।

प्रहरी समायोजन कार्यलाई निष्कर्षमा पुऱ्याउन आवश्यक कानुन परिमार्जन तथा व्यवस्थापकीय तयारी कार्यलाई गृह मन्त्रालयले प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढाउने निर्णय भएको गृह मन्त्रालयले जनाएको छ। 'देशको समग्र शान्ति सुरक्षाको अवस्था र प्रादेशिक रूपमा देखिएका सुरक्षा चुनौतीहरूको विश्लेषण तथा समीक्षा गरिएको छ,' गृहप्रवक्ता तिवारीले भने, 'बैठकमा भएका निर्णय र प्राप्त सुझावसहितको प्रतिवेदन राष्ट्रिय समन्वय परिषद्मा पठाइने छ।'

पछिल्ला दिनमा देखिएका संविधान तथा व्यवस्था विरोधी गतिविधिलाई निस्तेज गर्दै विद्यमान सुरक्षा चुनौतीहरूको सुक्ष्म निगरानी तथा नियन्त्रण गरी आमनागरिकमा सुरक्षाको प्रत्याभूति दिलाउन गृह मन्त्रालय र प्रदेश सरकारका सम्बन्धित मन्त्रालयबीचको सहकार्यलाई प्रभावकारी बनाउनेसमेत निर्णय भएको मन्त्रालयले जनाएको छ।

बैठकमा गृहमन्त्री लेखकले प्रादेशिक आपत्कालीन गोदामहरू प्रदेश सरकारलाई हस्तान्तरण थालिएको जानकारी दिए। 'कर्णाली र सुदूरपश्चिममा प्रदेश सरकारलाई गोदामघर हस्तान्तरण गरिसकेका छौं। अरु प्रदेशमा पनि हस्तान्तरण गर्ने र पालिकास्तरसम्म गोदाम सञ्चालनमा ल्याउने गरी प्रदेश र स्थानीय सरकारको सहयोग आवश्यक छ,' उनले भने।

बैठकमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डे, सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्की, बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, नेपाल नगरपालिका महासंघका अध्यक्ष भीमप्रसाद ढुंगाना, गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष लक्ष्मी पाण्डे, गृहसचिव गोकर्णमणि दुवाडी, नेपाल प्रहरीका प्रमुख, प्रहरी महानिरीक्षक दीपक थापा, सशस्त्र प्रहरी प्रमुख, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. दिनेश भट्टलगायतले आआफ्नो धारणा राखेका थिए।

## भूमिगत जलस्रोतको पुनर्भरणमा राष्ट्रपतिको जोड

**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले भविष्यमा उत्पन्न हुनसक्ने जलसंकटको चुनौतीलाई दृष्टिगत गर्दै भूमिगत जलस्रोतको पुनर्भरणका लागि जलाधार क्षेत्रको संरक्षण हुनुपर्नेमा जोड दिएका छन्। विश्व पानी दिवसका अवसरमा शनिबार शुभकामना सन्देश जारी गर्दै उनले ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण एवं सहरी क्षेत्रमा वर्षात्को पानी पुनर्भरणको विकल्पसहितका पूर्वाधार निर्माण गर्न सम्बद्ध सबैले अग्रसरता लिनुपर्नेमा जोड दिएका हुन्।

'प्राचीन एवं आधुनिक प्रविधिको मिश्रण गरी जलाशययुक्त योजनाको तर्जुमा गर्न आवश्यक छ,' राष्ट्रपतिले सन्देशमा भनेका छन्। पानी र प्रकृतिसँग प्राणी जगत्को अस्तित्व गाँसिएको, जीवको उत्पत्ति नै पानीभित्र भएको र प्राचीन मानव सभ्यताहरू नदीकिनारमा विकास भए पनि वर्तमानमा आइपुग्दा जीवनको अस्तित्व जोगाउन प्रकृति र पानीको संरक्षण चुनौतीपूर्ण बनेको सन्देशमा उल्लेख छ।

राष्ट्रपति पौडेलले सन्देशमा भनेका छन्, 'भूमिगत जलस्रोत महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो, जसले पारिस्थितिकीय प्रणालीलाई दिगो र नदीको बहावलाई व्यवस्थित बनाउन तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणसँगै सुरक्षित पिउने पानी परिपूर्ति गर्न मद्दत पुऱ्याउँछ।' उले बढ्दो सहरीकरण र भौतिक पूर्वाधार निर्माणका क्रममा भएका प्राकृतिक विनाश, जलवायु परिवर्तन एवं प्रदूषणका कारण पानीका स्रोत नष्ट भइरहेकामा चिन्ता व्यक्त गरेका छन्।

'भूमिगत जलस्रोतको अतिदोहन र सहरी क्षेत्रमा निर्माण गरिएका पक्की संरचनाको कारण पुनर्भरणमा अवरोध उत्पन्न हुँदा जमिनमुनिको पानीको सतह निरन्तर घटिरहेको छ। अव्यवस्थित मानव बस्ती र बढ्दो औद्योगीकरणका कारण भूमिगत जलस्रोत प्रदूषित हुँदै गएको छ,' राष्ट्रपति पौडेलले भनेका छन्।

पृष्ठ १ बाट क्रमशः

## खरिद र कार्यालय...

एमसिए नेपालले यसअघि अन्तरदेशीय प्रसारणलाइनअन्तर्गत तीनवटै सबस्टेसनको निर्माण गर्न ठेक्का लगाएको थियो। बुटवलदेखि भारतको सीमासम्मको १८ किलोमिटर प्रसारणलाइनका लागि भारतीय कम्पनीलाई जिम्मा दिइएको थियो। काठमाडौंको शंखरापुरस्थित लप्सीफेदीदेखि नुवाकोटको रातमाटे, हेटौंडा हुँदै दमौली अनि बुटवलसम्मको २९७ किलोमिटर प्रसारणलाइनका लागि बोलपत्र बुझाउने समयसीमा मध्य माघसम्म निर्धारण गरेको थियो।

एमसिसीअन्तर्गत विद्युत् प्रसारणलाइनको निर्माण र सडकको स्तरोन्नतिका लागि नेपाललाई अमेरिकाले ५५० मिलियन अमेरिकी डलर अनुदान दिने प्रतिबद्धता जनाएको थियो। यो नेपालले पाएको हालसम्मकै ठूलो वैदेशिक सहायता हो। परियोजनाअन्तर्गत नेपाल सरकारले १९७ मिलियन अमेरिकी डलर लगानी गर्ने भनिएको छ। तर, परियोजनाअन्तर्गत विभिन्न आयोजनाको ठेक्का आह्वान भएको बेला भुक्तानी स्थगन गर्ने अमेरिकी सरकारको अप्रत्यासित निर्णय आयो। यस्तो निर्णयले परियोजनाको भविष्यमाथि आशंका जन्माएको थियो। इतिहासमै नेपालले पाएको सर्वाधिक ठूलो वैदेशिक सहायता गुम्ने चिन्तासमेत प्रकट भएको थियो।

तर, अघिल्लो साता नै सार्वजनिक एक विज्ञापनमा एमसिए नेपालले विद्युत् र सडक परियोजना, अनुगमन र विश्लेषणसँगै प्रशासनिक जिम्मेवारीहरूका लागि बोलपत्रहरू आह्वान गरेको थियो। यसले नेपालमा स्थगित भएको एमसिए कम्प्याक्टअन्तर्गतका कार्यहरूको भुक्तानीसँगै अन्य गतिविधि सञ्चालन हुने ठानिएको थियो। नभन्दै एमसिए नेपालले शुक्रबार एक विज्ञप्ति जारी गर्दै कम्प्याक्टअन्तर्गतका कार्य अघि बढाउन अनुमति प्राप्त भएको जनाएको छ।

१५ फागुन २०७८ मा प्रतिनिधिसभाले एमसिसी कम्प्याक्टलाई व्याख्यात्मक घोषणासहित पारित अनुमोदन गरेको थियो। त्यसबेला संसद्देखि सडकसम्मै अनुमोदन गर्ने विषयको विरोध भएको थियो। तर, बहुमतले पारित भयो।परियोजनाअन्तर्गत प्रसारणलाइनमा पर्ने टावर निर्माण गर्न जग्गाप्राप्तिको प्रक्रिया सम्पन्न भई मुआब्जा वितरण सुरु भइसकेको छ। नेपाल भारत क्रसबोर्डर प्रसारणलाइनको निर्माण तत्काल गर्नुपर्ने भएकाले यसलाई विशेष प्राथमिकतामा राख्दै एमसिएले ठेक्का सम्झौता तथा निर्माण सुरु 'फास्टट्र्याक'मा गरेको छ। प्रसारणलाइन १२ करोड ३६ लाख अमेरिकी डलर लागतमा २१ महिनाभित्र सम्पन्न गर्ने गरी भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग सम्झौता गरिएको छ। गत १४ भदौमा यो सम्झौता भएको हो। चार सय केभीकै तीनवटा सबस्टेसनकोसमेत ठेक्का सम्झौता भइसकेको छ।

एमसिए नेपालले तनहुँको दमौलीमा ४०० केभी क्षमताको नयाँ दमौली सबस्टेसन निर्माण गर्न भारतको टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ लिमिटेडसँग १६ साउन २०८१ मा ठेक्का सम्झौता गरेको छ। यो कम्पनीसँग तीन करोड ८८ लाख अमेरिकी डलर (करिब पाँच अर्ब १६ करोड रूपैयाँ) मा सबस्टेसन निर्माण गर्ने गरी सम्झौता भएको हो। त्यसअघि नुवाकोटको रातमाटे सबस्टेसन निर्माणका लागि पनि यही कम्पनीसँग पाँच करोड ६० लाख डलरमा ठेक्का लागेको छ। ४०० केभी न्यु-बुटवल सबस्टेसनको निर्माण गर्न लिंकसन इन्डिया प्रालिसँग ठेक्का सम्झौता भइसकेको छ।

■■■

## जातीय विभेद...

घटनापछि शुक्रबारमात्रै सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाललाई गृह मन्त्रालयले तानिएको थियो। घटनाका पीडित परिवार भने यतिबेला विस्थापित छ। गाउँपालिका अध्यक्ष यादवले धम्की दिएपछि दलित परिवार विस्थापित भएको हो। घटनाअघि दीपक मरिक र अनिता मरिकको त्यो घर जनता आवास कार्यक्रममार्फत पाँच वर्षअघि स्थानीय सरकारकै समन्वयमा सरकारले बनाइदिएको थियो। उनीहरू गाउँपालिका र स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा सफाइकर्मी थिए।

करारमै भए पनि उनीहरू सरकारी कार्यालयमै सेवा गरिरहेका थिए। उनीहरूको घरमा साता दिनअघिमात्रै बुहारी भित्रिएकी थिइन्। बुहारीलाई छाडेर १० फागुनमा पनि दीपक र अनिता कार्यालयमै थिए। त्यहीबेला गाउँपालिका अध्यक्ष यादवले उनीहरूको घर भत्काउन डोजर पठाएका थिए। आउँदा उनीहरूको घरको नामोनिसाना नभएको दीपकले बताउँदै आएका छन्। उनका अनुसार ३० वर्षदेखि त्यो ठाउँमा उनीहरू बस्दै आएका थिए। मरिक परिवारले जनता आवास कार्यक्रमअन्तर्गत स्थानीय सरकारको समन्वयमा पाँच वर्षअघिमात्रै दुईकोठे पक्की घर पाएका थिए। त्यो घरलाई उनीहरू आइपुग्दा डोजरले भत्काइसकेको थियो।

तर, जागिरबाट निकालिने डरले दीपक र अनिताले कतै उजुरबाजुर गरेनन्। यति हुँदाहुँदै ६ चैतमा केही पत्रकार घटनास्थलमा पुगेका थिए। त्यसपछि स्थानीय सरकारबाटै दलित परिवारमाथि भएको अत्याचारको घटना बाहिर आएको हो। दलित परिवारलाई दुई कोठाको फुसको घर गाउँपालिकाले बनाइदिएको थियो। सोही झुप्रोमा उनीहरू बस्दै आएका थिए। स्थानीय सुन्दर जनता माध्यमिक विद्यालय औरहीको जग्गाको एउटा कुनामा उनीहरूलाई झुप्रो दिइएको थियो, जहाँ खानेपानी, बिजुली र सुरक्षा अभावसँग उनीहरूले जुधेका थिए। हाल भने दलित परिवार विस्थापित भएको छ।

■■■

## तीन वर्षमा...

यसैगरी सन् २०२२ मा भाषा परीक्षा उत्तीर्ण भएकामध्ये गत डिसेम्बरसम्म ८१ प्रतिशतभन्दा बढी कोरिया उडिसकेका छन्। त्यस वर्ष १८ हजार ८४४ जनाले भाषा परीक्षा उत्तीर्ण गरेकामा १५ हजार ३८० जना विभिन्न क्षेत्रमा गइसकेका छन्। त्यस वर्ष उत्पादनमा १५ हजार ३९, कृषि तथा पशुपालनमा दुई हजार ९१७ र सिप बिल्डिङमा ८८८ जना परीक्षामा उतिर्ण भएका थिए। जसमध्ये १२ हजार २८९ जना उत्पादनमा, दुई हजार ४१७ जना कृषिमा तथा ६७४ जना सिप बिल्डिङमा गएका हुन्।

नेपालबाट सन् २००८ देखि इपिएस प्रणालीमार्फत कोरियामा कामदार पठाउन थालिएको हो। मुलुकमा व्याप्त बेरोजगारीको समस्याका कारण कोरिया जानका लागि भाषा परीक्षामा सहभागी हुनेहरूको संख्या बर्सेनि बढ्दो छ। तर कोरियाले कुन वर्ष कति कामदर लाग्छ भन्ने यकीन नहुँदा परीक्षा उत्तीर्ण गरेर बसेकाहरू निराश हुनुपर्ने अवस्था छ।

कोरियाले नेपालसहित विभिन्न १७ वटा देशबाट श्रमिक लग्दै आएको छ। कोरियाले गत वर्ष नेपाली कामदारको कोटासमेत बढाएको थियो। यद्यपि, कोरिया जान इच्छुक युवाहरू हजारौंको संख्यामा रहेकाले त्यहाँ जान पाउने दर न्यून देखिएको हो। नेपालबाट फाराम दर्ता गर्ने र डेटा इन्ट्री गरेर कोरिया पठाउनेबाहेक बाँकी सबै प्रक्रिया कोरियाको हातमा हुने भएकाले कामदारको छनोटमा नेपालको कुनै हात नभएको इपिएस कोरिया शाखाका अधिकारीहरू बताउँछन्।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०२/२४ मा दर्ता भएको **प्रा.लि. नं. १३५७६७** को **टोखा कृषि फार्म प्रा.लि.** को मिति २०८१/१२/०८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**समुन्नति थलो लि. को वार्षिक साधारणसभा सम्बन्धि सूचना**

यस समुन्नति थलो लि. को मिति २०८१/१२/०८ गते शुक्रवारका दिन बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको **१६ औं बार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं।

**मिति** : २०८१/१२/ ३० गते शनिबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : रोयल ब्यङकेट , तिनकुने काठमाडौ

**साधारणसभामा छलफल हुने विषयहरुः-**

१) संचालक समितिले पेश गरेको वार्षिक कार्य प्रगतिमाथि छलफल र पारित
२) आगामी आ. ब. को अनुमानित आय-व्यय र गत आ. ब. को आर्थिक प्रतिवेदन प्रस्तुत तथा पारित
३) आ. ब. २०८१/०८२ को लागि लेखा परिक्षक नियुक्ति
४) विषेश प्रस्ताव
 क) प्रबन्धपत्र र नियमावली संशोधन
 ख) शेयर पूंजी हेरफेर
 ग) शेयर पूंजी फिर्ता
५) विविध।

**थप जानकारीका लागि सम्पर्क न.**
**९८४२११३३५०, ९८४३७६४९२७, ९८५१०७२११७**

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइतबार, १० चैत, २०८१

| | |
|---|---|
| **मेष** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। |
| **वृष** | रोकिएका काम सम्पादन हुनेछ। |
| **मिथुन** | सुखद समाचारले उत्साह जगाउनेछ। |
| **कर्कट** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **सिंह** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ। |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने। |
| **वृश्चिक** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। |
| **धनु** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ। |
| **कुम्भ** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ। |
| **मीन** | सानोतिनो समस्याले अल्झाउन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० चैत, २०८१ (२३ , मार्च २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.२२ | १३८.८२ |
| युरो | १ को | १५१.१२ | १५१.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७९.४९ | १८०.२७ |
| स्विस फ्रैन्क | १ को | १५७.१७ | १५७.८५ |
| अस्ट्रेलियन डलर | १ को | ८८.०५ | ८८.४३ |
| क्यानाडियन डलर | १ को | ९६.७५ | ९७.१७ |
| सिङ्गापुर डलर | १ को | १०३.८० | १०४.२५ |
| जापानी येन | १० को | ९.२३ | ९.२८ |
| चिनियाँ युआन | १ को | १९.१३ | १९.२१ |
| साउदी अरब रियाल | १ को | ३६.८५ | ३७.०१ |
| कतारी रियाल | १ को | ३७.९२ | ३८.०८ |
| थाई भाट | १ को | ४.१२ | ४.१३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६३ | ३७.८० |
| मलेसियन रिङेट | १ को | ३१.१० | ३१.२३ |
| दक्षिण कोरियन वन | १०० को | ९.५२ | ९.५६ |
| स्विडिस क्रोनर | १ को | १३.७२ | १३.७८ |
| डेनिस क्रोनर | १ को | २०.२६ | २०.३४ |
| हङकङ डलर | १ को | १७.७९ | १७.८७ |
| कुवेती दिनार | १ को | ४४८.८१ | ४५०.७६ |
| बहराइन दिनार | १ को | ३६६.६४ | ३६८.२३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# लेखा समितिमा परेकामध्ये ४८ उजुरीमाथि छानबिन अघि बढाइने

■ हेमन्त जोशी

**काठमाडौं–**प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिको शुक्रबार बसेको बैठकले समितिमा परेका १०० भन्दा बढी उजुरीको प्राथमिकताका आधारमा विभिन्न ४८ उजुरीमाथि छानबिन प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । समितिमा परेका उजुरीलाई १५ दिनभित्र निष्कर्षमा पुर्‍याउने समितिले निर्णय गरेको हो ।

समितिको कार्यशैली र भएका निर्देशनको कार्यान्वयनको अवस्था र प्रभावकारिता कमजोर देखिन्छ । यो विषय समितिका कतिपय सांसदहरूले स्वीकारेका छन् । हरेक पटकका बैठकमा सांसदहरू राख्ने धारणा र पोख्ने आक्रोश पनि यही विषयमा केन्द्रित रहने गरेको थियो । समितिका सभापति ऋषिकेश पोखरेलले समितिमा परेका उजुरीमाथिको छानबिन यथाशीघ्र अघि बढाउने प्रतिबद्धता पुनः दोहोर्‍याएका छन् । उनका अनुसार विभिन्न निकायमा भएका आर्थिक अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीमाथि छानबिन अघि बढ्ने निर्णय भएको हो ।

समितिमा परेका उजुरीहरूमा अधिकांश ठूला व्यापारिक घराना, विभिन्न मन्त्रालयका मन्त्री तथा सचिव, सरकारी निकायका पदाधिकारी मुछिएका छन् । नेपाल धितोपत्र बोर्ड, नेपाल दूरसञ्चार प्राधिकरण, नागरिक उड्डयन प्राधिकरण, नेपाल विद्युत् प्राधिकरणलगायत नियामक निकायविरुद्धका पनि उजुरी उत्तिकै परेका छन् । यसबाट राजनीतिक तह, कर्मचारी, व्यापारी, नियामक निकायलगायतको मिलेमतोमा आर्थिक अनियमितता र भ्रष्टाचार हुने बुझिन्छ । एनसेल, स्मार्ट टेलिकम, नेपाल टेलिकम, विभिन्न इन्टरनेट सेवा प्रदायक कम्पनीविरुद्धका उजुरीमा आर्थिक अनियमिततालाई मातहत निकायबाट संरक्षण र उन्मुक्ति दिइरहेको भनेर उजुरीकर्ताले किटानी गरेका छन् ।

अधिकांश निकायमा सार्वजनिक खरिद प्रक्रिया र ठेक्कापट्टामा भ्रष्टाचार हुने गरेको प्रवृत्ति पनि यी उजुरीको सफ्याले देखाउँछ । समितिमा परेका धेरैजसो उजुरी सार्वजनिक खरिद र ठेक्का प्रक्रियासँग सम्बन्धित छन् । नेपाल टेलिकमको अन्तर्राष्ट्रिय बोलपत्र प्रक्रियामा स्वदेशी कम्पनीलाई निषेध गरिएकोदेखि विद्युत् प्राधिकरणका ठेक्का प्रक्रियामा अनियमितता तथा मिलेमतो गरी राज्यलाई आर्थिक नोक्सानी पुर्‍याइएको आरोप लगाइएको छ ।

स्वास्थ्य मन्त्रालयअन्तर्गतका खरिद प्रक्रियामा नीतिगत भ्रष्टाचार गरिएको दाबीसहित उजुरी परेको छ । जसमा निश्चित कम्पनीलाई अनुचित फाइदा दिने उद्देश्यले अनावश्यक सर्त राखिएको भन्दै उजुरी परेको छ । त्यस्तै नेपाल वायु सेवा निगमका निर्णय कानुनी प्रक्रियाविपरीत रहेको, सर्वोच्च अदालतको आदेश अवहेलना गर्दै क्यासिनो सञ्चालनका लागि अनुमति दिइएको, एमसिसी परियोजनासँग सम्बन्धित ठेक्का प्रक्रियामा अनियमितता भएको दाबीसहित उजुरी परेका छन् । यी उजुरीहरूले नेपालमा सार्वजनिक खरिद तथा ठेक्का व्यवस्थापन प्रक्रिया कति कमजोर र अपारदर्शी छ भन्ने देखाउँछ ।

## के-के छन् उजुरी ?

सार्वजनिक लेखा समिति गठन भएको २०८० वैशाखयता सयभन्दा बढी उजुरी परेकामा समिति सदस्य सञ्जयकुमार गौतमको संयोजकत्वमा गठित उपसमितिले ४८ वटामात्र छानबिन गर्न सिफारिस गरेको थियो । अरु उजुरी भने अख्तियारले छानबिन गरिरहेको, अदालतमा मुद्दा चलिरहेको तथा केही उजुरी आरोप, आग्रह र पूर्वाग्रहबाट मात्र प्रेरित देखिएको, समितिको कार्यक्षेत्रभित्र नपरेका तथा त्यसमा सत्यताको अंश कमजोर रहेकोलगायत कारण छानबिन आवश्यक नरहेको निष्कर्ष समितिले निकालेको सभापति पोखरेलले बैठकमा विवरण सार्वजनिक गर्दै जानकारी दिए ।

समितिमा हालसम्म प्राप्त उजुरीको विवरणअनुसार नेपाल टेलिकमविरुद्ध मात्र छ वटा उजुरी परेका छन् । उनका अनुसार टेलिकममा भएको राजस्व चुहावट सम्बन्धमा सत्यतथ्य पत्ता लगाउन उजुरी परेको छ । त्यस्तै, रिजार्डकार्ड छपाइसम्बन्धी अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्दा राखेको 'चञ्ज स्पेसिफिकेसन'का कारण स्वदेशी उद्योगीहरूले भाग लिन नसक्ने अवस्था सिर्जना गरेकाले टेलिकमको अन्तर्राष्ट्रिय बोलपत्र रद्द वा संशोधन गरी पाउँ भनी मनोहर राज घिमिरेको तर्फबाट उजुरी परेको छ । जागरुक नेपाल समाजले हालेको यो उजुरीमाथि पनि हालसम्म छानबिन हुन सकेको छैन ।

त्यस्तै, नेपाल टेलिकममा हुने अन्तर्राष्ट्रिय बोलपत्रमा कार्यसम्पादनका सर्त उल्लङ्घन भएको, बिलिङ टेण्डरमा धाँदली तथा भ्रष्टाचार भएकोलगायत विषयमा अनुसन्धान र छानबिनको माग गरिएको छ । त्यसैगरी, एनसेल र स्मार्ट टेलिकममा भइरहेको र हुन लागेको अर्बौको भ्रष्टाचार रोक्ने सम्बन्धमा भेषराज लुइँटेलको उजुरी परेको लेखा समितिले जनाएको छ ।

नेपाल धितोपत्र बोर्डसँग सम्बन्धित पाँचवटा उजुरी समितिमा दर्ता भएका छन् । 'धितोपत्र बोर्ड र बिमा प्राधिकरणले बिमा ऐन, २०७९ को दफा ४५ को उपदफा ५ को प्रतिबन्धात्मक व्यवस्था विपरीत अख्तियारको दुरूपयोग गरी बिमा कम्पनीलाई प्रिमियममा साधारण सेयर जारी गर्न दिएर भ्रष्टाचार गरेको हुँदा छानबिन गरी कारबाही गरी पाऊँ' भनी केशव कोइरालासहित २१ जनाको उजुरी परेको समितिका सभापति पोखरेलले उल्लेख गरे ।

त्यस्तै, 'धितोपत्र बोर्डसहितका निकायहरूले रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको बुक बिल्डिङ विधिबाट प्राथमिक सेयर निष्कासन अनुमति दिँदा कानुनको गम्भीर उल्लंघन गरेकाले सोसँग सम्बन्धित फाइल झिकाइ अनुसन्धान र कारबाही गरी पाऊँ' भनी घनश्याम पाण्डेलगायतको उजुरी परेको लेखा समितिले जनाएको छ ।

अन्नपुर्ण केवलकार लिमिटेडको प्राथमिक सेयर निष्कासन गर्नका लागि धितोपत्र बोर्डको नाममा सिफरिस गर्न आवयक सहयोग गरिदिन भन्दै कालु गुरुङले उजुरी हालेका छन् । 'कानुनविपरीत जारी गरिएको सर्वोत्तम सिमेन्टको बुक बिल्डिङ आइपिओ तत्काल रोक्का गरी नेपाल सरकारले दिएको कर छुटबापतको रकम फिर्ता पाऊँ' भनी अर्को उजुरी परेको छ । उत्पादनमूलक कम्पनीको हकमा 'नेटवर्थ'भन्दा पनि कम्पनीको व्यवसाय, भविष्य र व्यसायको प्रकृतिको आधारमा आइपिओ निष्कासन अनुमति दिन मागसहित विनोद सुवेदीले उजुरी हालेका हुन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण र वायुसेवा निगमलगायत निकायकाविरुद्ध छवटा उजुरी परेका समितिका सभापति पोखरेलले जानकारी दिए । त्यस्तै, नेपाल वायु सेवा निगमको कार्यकारी अध्यक्ष युवराज अधिकारीले आफ्नो व्यक्तिगत लाभका लागि वायु सेवा ऐन, २०१९ र यसअन्तर्गत बनेको नियमावली विपरीत कार्य गरी निगमलाई ठूलो आर्थिक भार पार्ने कार्य गरी निगमलाई नोक्सानी पुर्‍याएको हुँदा निज अधिकारीले गरेको सम्पूर्ण काम कारबाहीको अनुसन्धान गरी कारबाहीको मागसहित उजुरी परेको समितिले जनाएको छ ।

अदालतको अवहेलना गरी क्यासिनो सञ्चालन गर्न पूर्व स्वीकृतिपत्र जारी गरेकोबारे उजुरी परेको छ । कानुनले तोकेको अख्तियारी दुरूपयोग गरी क्यासिनोको प्रिलाइसन्स दिएको सम्बन्धमा कारबाही गरी पाऊ र लुम्बिनी विकास कोषका भ्रष्टाचारीलाई कारबाही गरी पाऊ भनेर उजुरी परेको छ ।

समितिमा इ-पासपोर्ट खरिद प्रणालीमा भएको भ्रष्टाचार, सिमेन्टको अत्यधिक मूल्यवृद्धि एवं कालोबजारी, कीर्तिपुर क्रिकेट मैदानको बत्ती जडानमा भएको अनियमितता, क्यासिनो रोयल्टी, काठमाडौं विश्वविद्यालयमा भएको भ्रष्टाचारलगायत विषयमा छानबिनको माग गर्दै उजुरी परेका समितिले जनाएको छ । *रासस*

# प्रदेश र स्थानीय सरकारलाई सबल बनाउनुपर्नेमा जोड




■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)–** सभामुख देवराज घिमिरेले संघीयता कार्यान्वयनको यात्रामा निरन्तर बहस र संवाद अपरिहार्य रहेको बताएका छन् । प्रदेश सुशासन केन्द्र बागमतीद्वारा शनिबार ललितपुरमा आयोजित 'संघीयता सवलीकरणमा प्रदेश तथा स्थानीय तहका सवाल' विषयको छलफलमा उनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अपनाएपछि प्रदेश तथा स्थानीय तहहरू यो शासन प्रणालीको मेरुदण्ड बनेका तथा तिनलाई अझ सबल बनाउनुपर्नेमा जोड दिए ।

'संघीयता सुदृढ बनाउनु भनेको केवल संरचनागत व्यवस्थापनमात्र होइन, बरु यसको प्रभावकारी कार्यान्वयन, नीति निर्माण, स्रोत परिचालन र जवाफदेहिताको संयोजन गर्ने विषय हो, संघीय शासन प्रणालीको सफलता तीनवटै तहका सरकारबीचको समन्वय र सहकार्यमा निर्भर छ,' सभामुख घिमिरेले भने ।

'राणा शासनको अन्त्यदेखि संवैधानिक राजतन्त्र, १० वर्षे सशस्त्र युद्ध, जनआन्दोलन र मधेस आन्दोलनसम्मको संघर्षले हामीलाई संघीय लोकतान्त्रिक गणतन्त्रको संरचनामा पुर्‍याएको संघीयता, लोकतन्त्र र संविधान हाम्रा राजनीतिक आन्दोलनको मुख्य उपलब्धि हुन्, राज्यशक्ति संघ, प्रदेश र स्थानीय तहबीच बाँड्ने व्यवस्था संविधानमै स्पष्ट गरिएको छ । संघीय संरचनाको पहिलो कार्यकालमा नै अपेक्षित उपलब्धि हासिल गरेका छौं । संघीय शासन व्यवस्थाको सवलीकरणका लागि कानुनी व्यवस्था, कर्मचारी व्यवस्थापन, वित्तीय स्रोत वितरणलगायतका विषयमा आवश्यक सुधार गर्नुपर्छ,' उनले भने ।

उनले संघीयताको कार्यान्वयनमा देखिएको प्रमुख समस्या अधिकारको व्यावहारिक हस्तान्तरणमा भएको टिप्पणी गरे । 'प्रदेश र स्थानीय तहलाई कानुन तथा कर्मचारी अभावका कारण संविधानले प्रदान गरेका अधिकार पूर्णरूपमा प्रयोग गर्न सक्ने वातावरण अझै बनेको छैन भन्ने गुनासो सुन्दै आएका छौं, संघीय निजामती सेवा ऐनको अभावले प्रशासनिक संघीयता कमजोर बनाएको आमगुनासो हामीले सुनेका छौं, संसद्मा विचाराधीन निजामतीसँगै प्रहरी र विद्यालय शिक्षासँग सम्बन्धित विधेयकलाई संसद्ले शीघ्र टुंग्याउने प्रयास गरिरहेको जानकारी गराउन चाहन्छु,' उनले भने ।

ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जनले जनताका समस्या समाधानमा, स्थानीय आवश्यकता परिपूर्ति, सेवा प्रवाह र सुशासन प्रवर्द्धनमा स्थानीय सरकारले काम गर्ने भएकोले संघीय र प्रदेश सरकारले कानुनी जटिलता हटाएर सहजीकरण गरिनुपर्नेमा जोड दिए । राष्ट्रिय सभाका पूर्वसदस्य खिमलाल देवकोटाले संघीयता सबलीकरणमा प्रदेश तथा स्थानीय तहका सवाल र आगामी कार्यभार विषयमा कार्यपत्र प्रस्तुत गर्दै संघ माताहातका धेरै विभागलाई खारेज गरेर प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्नुपर्नेमा जोड दिए । केन्द्रका कार्यकारी निर्देशक गोपालकृष्ण न्यौपानेले संघीयता कार्यान्वयनका समस्या, नीति निर्माणमा भएको विलम्बलगायत विषयमा मन्तव्य व्यक्त गरेका थिए ।

# १६०० किलो गाँजासहित दुईजना पक्राउ



**झापा (प्रस)–** सशस्त्र प्रहरी बलले एक हजार ६३६ किलो गाँजासहित झापाबाट दुईजनालाई पक्राउ गरेको छ । प्रहरीले सो परिमाणको गाँजासहित बुद्धशान्ति गाउँपालिका-४ मेची राजमार्गबाट दुई ट्रकसहित दुवैजनालाई नियन्त्रणमा लिएको हो ।

इलामबाट झापातर्फ आउँदै गरेको को १ ख ५००१ र प्र १-०२-००२ ख ०५८४ नम्बरको ट्रकबाट सशस्त्र प्रहरी बलको टोलीले शुक्रबार उनीहरूलाई नियन्त्रणमा लिएको किलो गाँजा नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनीका सशस्त्र प्रहरी उपरीक्षक विक्रम हुमागाईँले जानकारी दिए । पक्राउ पर्नेमा धनकुटाको शहिदभूमि नगरपालिका-४ का महेश राई र इलामको माईजोगाई गाउँपालिका-२ का गंगाबहादुर बस्नेत रहेका छन् ।

प्रहरीले जाँच गर्दा ट्रकमा ५७ बोरामा राखेर ल्याउँदै गरेको गाँजा बरामद गरेको हो । प्रहरीले उनीहरूको साथबाट ८७ हजार रूपैयाँ र पाँच थान मोबाइलसमेत बरामद गरेको छ । उनीहरूलाई ट्रकसहित आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय झापामा बुझाइएको छ ।

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक**
**बाग्मती प्रदेश, नेपाल**

**शिलबन्दी दरभाउपत्र (Sealed Quotation) स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०८१ /१२ /१०)

चौतारा सागाचोकगढ़ी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८१/११/१३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित शिलबन्दी दरभाउपत्र (Sealed Quotation) आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका दरभाउपत्रदाताहरुको दरभाउपत्र (Sealed Quotation) मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र (Sealed Quotation) स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | शिलबन्दी दरभाउपत्र (Sealed Quotation) नं. | खरिद कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. |
|---|---|---|---|---|
| १ | CSGM/SQ/GOODS-02/2081/082 | Procurement of Supply and Delivery of Combine Mill for Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok | Agro Solutions And Structure Pvt.Ltd, Banepa - 5 Kavre | १३,३९,५००.०० |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

**मिक्लाजुङ गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**मधुमल्ला, मोरङ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः– २०८१/१२/१०**

यस कार्यालयको तर्फबाट मिति २०८१/१०/२८ र मिति २०८१/१०/२९ मा प्रकाशित सूचना अनुसार निर्माण कार्यको तपशिल बमोजिमको न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राहि देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनको जानकारी गराईन्छ। साथै सार्वजानिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्र दाताहरूलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

| ठेक्का नं. | विवरण | फर्मको नाम ठेगाना | कबोल अंक (मु.अ.क र Ps सहित) |
|---|---|---|---|
| 3/MRMM/WORKS/NCB/081/82 | Construction of Drain In Ward no. 7, 8, 9 | Risenroot construction | 74,85,000.84 |
| 4/MRMM/WORKS/NCB/081/82 | Construction and Maintenance of Play Ground In Ward no. 1, 2, 3, 6, 7 | Tandi Nirman Sewa Pvt. Ltd | 46,56,793.65 |
| 5/MRMM/WORKS/NCB/081/82 | Construction of Basic Health centre (Vaccination Center) In Ward no.01 | Risenroot construction | 22,10,010.22 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# न्यूनतम पारिश्रमिक कार्यान्वयनमा आनाकानी

**मुलुकबाट हरेक दिन हजारौं संख्यामा युवाहरू बाहिरिरहेका छन् । कोही शिक्षाका लागि त कोही रोजगारीका लागि । मुलुकमा रोजगारीको अवसर नहुँदा युवाहरूको लक्ष्य विदेशतिर नै हुने गरेको पाइन्छ । मुलुकमै बसेर आफ्नो दक्षताअनुसारको रोजगारी गर्न चाहनेहरू उल्टै पीडित बन्नुपरिरहेको अवस्था छ । यसमा सरकार र सम्बन्धित संस्था जिम्मेवार रहेका छन् । सरकारले एकातिर युवालाई स्वदेशमै रोजगारी दिने भन्दै विभिन्न कार्यक्रम अगाडि बढाइरहेको छ । तर, स्वदेशमै रोजगारीमा रहेकाहरूले नियमानुसार पाउनुपर्ने न्यूनतम पारिश्रमिकसमेत नपाउँदा सरकारले सम्बन्धित रोजगारदातामाथि कारबाही गर्न सकेको छैन ।**

**त्यसो त न्यूनतम पाश्रमिक सरकार आफैंले तोकेको हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम मन्त्रालयले २०८० साउन १ गतेदेखि लागू गरेको न्यूनतम पारिश्रमिकमा चिया बगानबाहेकका श्रमिकको न्यूनतम आधारभूत मासिक पारिश्रमिक १७ हजार ३०० रूपैयाँ तोकिएको छ । त्यसमा महँगी भत्ता छ हजार ४८० रूपैयाँ र आधारभूत पारिश्रमिक १० हजार ८२० रूपैयाँ हुनुपर्ने प्रावधान रहेको छ । साथै, दैनिक ज्याला ६६८ रूपैयाँ तथा प्रतिघण्टा ८९ रूपैयाँ हुनुपर्ने मन्त्रालयले तोकेको न्यूनतम पारिश्रमिकमा उल्लेख छ ।**

**चिया बगानका श्रमिकको पारिश्रमिक भने न्यूनतम मासिक १३ हजार ८९३ रूपैयाँ तोकिएको छ । जसमा आधारभूत आठ हजार ९३४ रूपैयाँ र महँगी भत्ता चार हजार ९५९ रूपैयाँ हुनुपर्ने विभागले जारी गरेको सूचनामा उल्लेख छ । साथै, दैनिक ज्यालादरीमा ५०० रूपैयाँ तोकिएको छ जसमा महँगीभत्ता १७७ रूपैयाँ र आधारभूत ३२३ रूपैयाँ हुनुपर्ने उल्लेख छ । प्रतिघण्टा भने ६३ रूपैयाँ रहेको छ ।**

**मन्त्रालयअन्तर्गतको श्रम तथा व्यवसाय सुरक्षा विभागले नै श्रमिकका लागि सरकारले तोकेको न्यूनतम पारिश्रमिक कार्यान्वयन नभएको पाइएको बताएको छ । उसले सरोकारवालाहरूलाई न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्न आग्रह गरेको छ । न्यूनतम पारिश्रमिक कार्यान्वयन गराउने अधिकार पाएको यो निकाय केबल निर्देशन दिनमै सीमित बनेको हो कि भन्ने भान हुन्छ । त्यसो त सरकारले तोकेको न्यूनतम पारिश्रमिक अहिलेको सन्दर्भमा धेरै नै कम हो । महँगीले आकाश छोइसकेको छ । त्यति तलब लिएर श्रमिक कसरी टिक्ने ? त्यति न्यून तलब पनि कार्यान्वयन नगर्नु रोजगारदाता संस्थाको बेइमानी हो । यस्ता संस्थालाई कारबाहीको दायरामा ल्याउनैपर्छ । अनि, सरकारले समयानुकूल न्यूनतम पाश्रिमिक पुनरावलोकन गर्नु आवश्यक छ ।**

## श्रम सरोकार

# वैदेशिक रोजगारबाट फर्किंदा क्षतिपूर्ति पाइने अवस्था

कुनै वैदेशिक रोजगार कम्पनीले वैदेशिक रोजगारीमा पठाउन रकम लिएर तीन महिनाभित्र पनि पठाउन नसकेमा त्यस्तो कम्पनीका विरुद्ध उजुरी गरी २० प्रतिशत ब्याजसहित वैदेशिक रोजगार विभागले फिर्ता गराउन सक्छ । तर, कुनै कामदारले प्रवेशाज्ञा (भिसा) प्राप्त भएपछि पनि जान इन्कार गरेमा भने प्रवेशाज्ञा शुल्क कट्टा गरी बाँकी रकममात्र फिर्ता पाइन्छ । कसैले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी झूठो आश्वासन दिई कुनै रकम लिएमा लिएको रकमको ५० प्रतिशत हर्जाना र विदेश जान र आउन लाग्ने खर्चसमेत असुल गराइन्छ ।

वैदेशिक रोजगारीका क्रममा सम्झौतामा उल्लेख भएबमोजिमको सर्तबमोजिम पारिश्रमिक नपाएमा वा काममा फरक परेमा विभागमा उजुरी गरी रकम असुल गर्न सकिन्छ । कुनै मुलुकमा युद्ध माहामारी वा प्राकृतिक विपत्ति परी स्वदेश फर्केको भए स्वदेश फर्केलगत्तै वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुपर्छ । त्यहाँबाट आर्थिक सहयोग पाइन्छ ।

वैदेशिक रोजगारको क्रममा रोजगारदाता कम्पनी खारेज भएर वा आर्थिक मन्दीलगायत अन्य कारणले कम्पनी बन्द भई रोजगार समाप्त भई स्वदेश फर्कनुपरेमा स्वदेश फर्केलगत्तै बोर्ड र विभागमा सम्पर्क गर्नुपर्छ । ती निकायले क्षतिपूर्ति भराउनसक्छ । विदेशमा कामको सिलसिलामा अंगभंग भई स्वदेश फर्केको ९० दिनभित्र बोर्डमा सम्पर्क गरे आर्थिक सहायता पाइन्छ । वैदेशिक रोजगारमा जाँदा लिइएको स्वास्थ्य परीक्षण प्रमाण गन्तव्य मुलुकमा अस्वीकार भई स्वदेश फर्कनुपरेमा स्वास्थ्य व्यवसायी महासंघमा सम्पर्क गर्नुपर्छ । त्यहाँबाट लागेको रकम फिर्ता पाउने व्यवस्था छ ।

वैदेशिक रोजगारका क्रममा मृत्यु भएमा कल्याणकारी कोषको रकमबाट बोर्डले मृतकको परिवारलाई एक लाख ५० हजार रूपैयाँ दिने गर्दछ । यसैगरी बिमा भएको पाँच लाख रूपैयाँ पनि परिवारका हकदारले पाउने छन् । उक्त रकमका लागि मृतकको परिवारले मृत्यु भएको एक वर्षभित्रै निवेदन दिनुपर्दछ । वैदेशिक रोजगारीका क्रममा पीडित भई फर्केका कामदारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाले सहयोगात्मक विभिन्न कार्यक्रम चलाएका हुन्छन् । ती संघ संस्थामा पनि सम्पर्क गरेर सहयोग कार्यक्रमबाट लाभ प्राप्त गर्न सकिन्छ ।

# सकसमा उपभोक्ता अधिकार र उपभोक्ता अदालत



■ शीतलप्रसाद महतो

> भर्खरै गठन गरिएको उपभोक्ता अदालतमार्फत आमउपभोक्ताले फरक अनुभूति गर्ने गरी कार्यसम्पादन गराउन सरकार जिम्मेवार हुनुपर्छ । उपभोक्ता संरक्षण ऐन २०७५ मार्फत राज्यबाट आमउपभोक्तालाई दिएका अधिकार एवं संविधानप्रदत्त मौलिक हक सफल कार्यान्वयनका लागि गठन भएका उपभोक्ता अदालत अब ७७ वटै जिल्लामा गठन गर्न सक्नुपर्छ । वस्तु र सेवा दुवैमा जनतामाथि हुने अन्याय, लुट, ठगी रोक्न र विधिको शासन तथा कानुनीराजको अनुभूति गर्न कमसेकम पहिलो चरणमा सात प्रदेशमा तत्काल उपभोक्ता अदालत गठन गर्नुपर्छ अनिमात्र राज्यप्रति आमउपभोक्ताको विश्वास बढ्छ ।

सामान्यतः जीविकाका लागि वस्तु वा सेवा खरिद गरी उपभोग गर्ने प्रत्येक व्यक्ति वा संस्थालाई उपभोक्ता मानिन्छ । उपभोगको चक्रलाई हेर्दा कुनै एक वस्तु वा सेवाको बिक्रेता वा आपूर्तिकर्ता अर्को वस्तु वा सेवाको क्रेता वा उपभोगकर्ता हुने भएकाले समाजका सबै व्यक्ति वा संस्था कुनै न कुनै रूपमा उपभोक्ता नै हुन्छन् । उपभोक्ता नभएको कुनै व्यक्ति वा संस्था हुँदैन । यस अर्थमा उपभोक्ता हकहित संरक्षणलाई आमरूपमा सबै नागरिकको हकहित संरक्षणका रूपमा हेर्न आवश्यक छ । उपभोक्ता संरक्षण अभियानलाई व्यक्तिको दैनिक जीवनयापनसँग सम्बन्धित आधारभूत हक अधिकार संरक्षणका रूपमा लिन सकिन्छ । वस्तुतः उपभोक्ता हित संरक्षण गुणस्तरीय जीवनयापनसँग सम्बन्धित भएकाले उपभोक्ता हकलाई मानवअधिकारको अभिन्न अंगका रूपमासमेत लिने गरिन्छ । उपभोक्ताले आफूले उपभोग गर्न चाहेको वस्तु वा सेवा गुणस्तरयुक्त हुनुपर्ने र सो वस्तु वा सेवा उपयुक्त समयमा, उचित मूल्यमा र सहजरूपमा पाउनुपर्छ भन्ने उपभोक्ता अधिकारको आधारभूत मान्यता पनि हो ।

उपभोक्ता हकले मूलतः वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर आदिबारे सही सूचना पाउने, वस्तु वा सेवाको छनोट गर्न पाउने, वस्तु वा सेवामा सहज पहुँचको अधिकार रहने, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा पाउनेजस्ता अधिकार समेटेको हुन्छ । उपभोक्ताको अधिकार हनन भएमा स्वच्छ न्यायिक प्रक्रियाबाट क्षतिपूर्ति पाउने र बिक्रेतालाई उत्तरदायी बनाउने विषय उपभोक्ता हक अधिकारको अर्को महत्त्वपूर्ण विषय हो । उपभोक्ताको अधिकार संरक्षणका लागि उपभोक्ता अधिकार दिवस मनाउने गरिन्छ । 'स्वच्छ र प्रतिस्पर्धी बजार, उपभोक्ता हित संरक्षणको दिगो आधार' नाराका साथ यो दिवस मार्च १५ अर्थात् चैत २ गते विश्वभर मनाइएको छ ।

सुरक्षा, छनोट, सुनुवाइ र सूचना चारवटा अधिकार १५ मार्च १९६२ मा अमेरिकी कांग्रेसबाट पारित भएको दिनको सम्झनास्वरूप प्रत्येक वर्ष यो दिवस मनाउने गरिन्छ । विगत केही वर्षदेखि नेपालमा पनि विभिन्न कार्यक्रमसहित एक दिन यो दिवस मनाइँदै आएको छ । आमउपभोक्ताको जीउ, स्वास्थ्य र सम्पत्तिसँग जोडिएको विषय मानवको बाँच्न पाउने अधिकारसँग जोडिएको उपभोक्ता अधिकार दिवसलाई राष्ट्रिय दिवसका रूपमा देशव्यापी सबै प्रदेश र स्थानीय सरकारले मनाउने गरेका छन् । राष्ट्रिय पर्वका रूपमा मनाउँदै वर्षभर गर्ने कार्यहरूको योजनासहित प्रतिबद्धता जाहेर गर्ने दिनका रूपमासमेत यस दिनलाई लिने गरिन्छ ।

उपभोक्ता हकले मूलतः वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर आदिबारे सही सूचना पाउने, वस्तु वा सेवाको छनोट गर्न पाउने, वस्तु वा सेवामा सहज पहुँचको अधिकार रहने, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा पाउनेजस्ता अधिकार समेटेको हुन्छ । उपभोक्ताको अधिकार हनन भएमा स्वच्छ न्यायिक प्रक्रियाबाट क्षतिपूर्ति पाउने र बिक्रेतालाई उत्तरदायी बनाउने विषय उपभोक्ता हक अधिकारको अर्को महत्त्वपूर्ण विषय हो ।

कुनै खास वस्तु वा सेवामा बिक्रेताको एकाधिकार, खरिदकर्ताको सौदाबाजी क्षमतामा कमी वा खरिदकर्ताभन्दा बिक्रेता संगठित र शक्तिशाली हुने अवस्थालगायतका कारणले बिक्रेताबाट हुन सक्ने गलत व्यावसायिक अभ्यासविरुद्ध आमउपभोक्तामा चेतना अभिवृद्धि गर्नु, उनीहरूलाई क्षति हुन नदिनु र क्षति हुन गएमा सोबापत क्षतिपूर्ति उपलब्ध गराउनु उपभोक्ता संरक्षण कानुनको उद्देश्य रहेको हुन्छ । त्यसैले नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ताको मौलिक हकसम्बन्धी व्यवस्था गरिएको छ । गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्ने र त्यसबाट कुनै प्रकारको क्षति भएमा क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था छ । ती हकको कार्यान्वयनका लागि विशेष ऐनका रूपमा सरकारले उपभोक्ता संरक्षण ऐन-२०७५ कार्यान्वयनमा ल्याएको छ । तर मौलिक हक कार्यान्वयनका लागि राज्यस्तरबाट जे-जे गर्नुपर्ने हो, त्यस कार्यका लागि भने सरकारी निकाय लगभग मौन छ ।

उपभोक्ता संरक्षण ऐन-२०७५ को दफा ६५ ले उपभोक्ता संरक्षण ऐन-२०५४ लाई खारेज गरेको छ तर सो ऐनबमोजिम दर्ता भई सुनुवाइका क्रममा रहेका दर्जनौं मुद्दाबारे उपभोक्ता संरक्षण ऐन-२०७५ मौन छ, जसले गर्दा उपभोक्ताका दर्जनौं उजुरी जिल्ला प्रशासन कार्यालयमा थन्किरहेका छन् । भर्खरै गठन गरिएको उपभोक्ता अदालतमार्फत आमउपभोक्ताले फरक अनुभूति गर्ने गरी कार्यसम्पादन गराउन सरकार जिम्मेवार हुनुपर्छ । उपभोक्ता संरक्षण ऐन २०७५ मार्फत राज्यबाट आमउपभोक्तालाई दिएका अधिकार एवं संविधानप्रदत्त मौलिक हक सफल कार्यान्वयनका लागि गठन भएका उपभोक्ता अदालत अब ७७ वटै जिल्लामा गठन गर्न सक्नुपर्छ ।

वस्तु र सेवा दुवैमा जनतामाथि हुने अन्याय, लुट, ठगी रोक्न र विधिको शासन तथा कानुनीराजको अनुभूति गर्न कमसेकम पहिलो चरणमा सात प्रदेशमा तत्काल उपभोक्ता अदालत गठन गर्नुपर्छ अनि मात्र राज्यप्रति आमउपभोक्ताको विश्वास बढ्छ । सँगसँगै अदालतप्रति पनि आमविश्वास बढाउन सकिन्छ । बजार व्यवस्थापन उपभोक्ता हक अधिकार संरक्षण र प्रवर्द्धन गर्न सबै निकायको अधिकार दायित्व र कार्यक्षेत्र प्रस्टरूपमा बाँडफाँड गर्नुपर्ने देखिन्छ । उपभोक्ता हितविपरीतको कसुर ३६५ दिनै हुने हुँदा चुस्त-दुरुस्त र पारदर्शी संयन्त्रबाट अनुगमन र नियमन तथा दण्ड र पुरस्कारको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । अत्यावश्यक खाद्यसामग्री तथा गैरखाद्यसामग्रीको मूल्य, गुणस्तर र नियमित आपूर्तिको व्यवस्था मिलाउँदै गुणस्तरलगायतको नियमन नियन्त्रण अति आवश्यक छ ।

स्पष्ट आपूर्ति नीति, बजार नीति, उपभोक्ता हित संरक्षण नीतिलगायत कार्यान्वयनमार्फत एउटा नागरिक वस्तु र सेवाको उपभोग गरेर फर्कंदा ढुक्क हुने वातावरण सिर्जना गर्नुपर्छ । यसैगरी प्रदेश र स्थानीय पालिकामा अनिवार्यरूपमा एउटा सुपथ मूल्य पसल, उपभोक्ता हकहित सूचना केन्द्र, गुनासो व्यवस्थापन एकाइको स्थापना र सञ्चालन नहुँदा सबै क्रियाकलाप प्रभावकारी हुन सकेको छैन । उपभोक्ता हित, स्वच्छ बजार, गुणस्तर र मापदण्ड निर्माण गर्ने विभाग, खाद्य प्रविधि, औषधि व्यवस्था, नेपाल गुणस्तर, कृषि पशु स्वास्थ्य शिक्षा, यातायात सञ्चार, विद्युत्, खानेपानीजस्ता विभागको एकीकृत कार्ययोजना सहज कार्यान्वयनका लागि विशेष कार्यक्रम नीतिगतरूपमै प्रस्ट हुनुपर्दछ । सचेत र सक्रिय उपभोक्ता निर्माणका लागि उपभोक्ता शिक्षा कार्यक्रम घरदेखि विद्यालयसम्म लागू हुनुपर्छ ।

उपभोक्ता अधिकार पूर्णरूपमा कार्यान्वयन गर्न हरेक वस्तु र सेवा क्षेत्रमा सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयन गर्नुपर्ने अहिलेको आवश्यकता छ । मूल्य, गुणस्तर परिमाण र शुद्धतामा यसले सकारात्मक प्रभाव पार्छ । उपभोक्ता हकहित र स्वच्छ बजारका क्षेत्रमा नयाँ-नयाँ दृष्टिकोण ल्याउन आवश्यक छ । उपभोक्ता हित संरक्षण र प्रवर्द्धन गर्न जारी गरेका दर्जनौं ऐन कानुनलाई सफल र प्रभावकारी कार्यान्वयन गर्न विशेष कार्ययोजनासहित आमउपभोक्तालाई जागरुक गराउन सकेमात्र उपभोक्ता अधिकार दिवसले सार्थकता पाउन सक्छ । अन्यथा, विगतका वर्षमा जस्तै वर्षभर आपूर्तिको समस्या, मूल्यवृद्धिको मार, गुणस्तरहीनताको प्रभावलगायतबाट मुक्ति पाउन सकिँदैन ।

आमउपभोक्तासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिने कुनै पनि क्षेत्रमा सन्तोषजनक काम हुन सकेको छैन । अनुगमन र नियमन पनि सीमित क्षेत्रहरू दाल, चामल, तेल, गेडागुडीलगायत खाद्यान्नमा मात्र सतही हिसाबले हुने गरेको अवस्था छ । अस्वाभाविक मूल्यवृद्धिका कारण दैनिक जीवनयापनमै कठिनाइ देखिएपछि आमनागरिकमा विद्रोह पैदा भई समस्या सिर्जना हुनसक्छ । यसतर्फ हामी समयमै सचेत हुन जरुरी छ । यसरी संघ, प्रदेश र स्थानीय तहमा रहेका स्वच्छ बजार कायम गर्ने नियमनकारी निकायबीच आपसी समन्वय र सहकार्य हुन सकेको देखिँदैन । आमनागरिकको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने यस किसिमको संवेदनशील विषय प्राथमिकतामा पर्न सकेको छैन । अबोध बालक, वृद्धवृद्धा र अशक्त नागरिकले बढी मात्रामा प्रयोग गर्नुपर्ने दूध, पानी, तरकारी, फलफूल, माछामासुलगायत वस्तुको 'प्याकेजिङ' गर्नुपर्ने व्यवस्था भए पनि यस्ता वस्तुको गुणस्तरबारे आमउपभोक्तामा रहेको शंका निवारण गर्न सरकार गम्भीर हुन सकेको छैन । विश्वव्यापी स्वच्छ र प्रतिस्पर्धी बजारको मान्यताविपरीत भइरहेको क्रियाकलाप नियन्त्रण गर्न विभिन्न मापदण्ड, नीति-नियम, ऐन, कानुनको समयसापेक्ष परिवर्तन गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

बजारमा सर्वमान्य विधिको शासन स्थापित गरी वस्तु तथा सेवाको मूल्य र गुणस्तरबारे व्यावसायिक सचेतना र उपभोक्ता शिक्षा प्रदान गर्न सरकारी निकायले जुन हिसाबले जिम्मेवारी बोध गर्नुपर्ने हो, त्यसो हुन सकेको छैन । बजारको मागअनुसार आपूर्ति गर्न स्वदेशी उत्पादन र आयातको विवरण झल्कने वैज्ञानिक अभिलेख राख्न सकिएको छैन । संविधानमा व्यवस्था गरिएको मौलिक हकको सफल कार्यान्वयन गर्ने हो भने बजार अनुगमन, नियमन, अध्ययन र सहज आपूर्ति व्यवस्था गरिनुका साथै अन्तर्राष्ट्रिय मूल्यमान्यता आत्मसात् गर्ने नीति कार्यान्वयन हुनै पर्दछ । त्यस्तै मूल्य नियमन, विश्लेषण र निर्धारण गर्ने, नमूना संकलन र परीक्षण गर्ने व्यवस्था कडाइका साथ पालना हुनुपर्छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ पुनर्लेखन गरी वस्तु सेवा क्षेत्रमा छरिएका कानुनको छाता कानुन निर्माण गर्न आवश्यक छ । दण्ड र पुरस्कार दुवैलाई राज्यले सँगसँगै लैजानुपर्ने अहिलेको आवश्यकता देखिएको छ । नेपालमा मात्र बिक्री गर्ने भनी आयात गरिएका तर स्पष्टसँग लेबल नखुलेका खाद्यवस्तुलाई सरकारले पूर्णरूपमा आयात प्रतिबन्ध गर्नुपर्छ । उपभोक्ताको मौलिक हक संरक्षण गर्न गुनासो सुनुवाइ र व्यवस्थापन गर्ने गरी सरकारले शक्तिशाली उपभोक्ता आयोग गठन गरे आमउपभोक्ताको अधिकार सुनिश्चित हुने देखिन्छ ।

आमनागरिकलाई अस्वाभाविक महँगीको मारबाट बचाउन सरकार, निजी क्षेत्र लगायतका सबै सरोकारवाला एकजुट हुनुपर्नेमा मुकदर्शक भएर वस्नुले आमउपभोक्तामा चरम निराशा छाएको छ । सामान्यतया मूल्य बढ्नुमा आर्थिक कारण जिम्मेवार हुन्छ । उत्पादन घट्नु, बजारको मागअनुरूपको आपूर्ति गर्न नसक्नु, कालोबजारी र व्यवसायीको बढी नाफा लिने प्रवृत्तिका कारण मूल्यवृद्धि हुने हो । यसका साथै मुलुकभित्र झाँगिएको बजारमा एकाधिकार पनि मूल्यवृद्धिको अर्को कारण हो । 'सिन्डिकेट' र 'कार्टेलिङ'प्रति सरकार उदासीन बस्दा मुलुकमा महँगी अनियन्त्रितरूपमा बढेको दाबी उपभोक्ता अधिकारकर्मीको छ ।

अनियन्त्रितरूपबाट बढेको महँगीको मारमा सामान्य व्यक्ति तथा परिवारदेखि मुलुकको अर्थतन्त्रसमेत प्रभावित भइरहेको हुन्छ । एकातिर यसले विपन्न, निम्न मध्यम र मध्यम वर्गको दैनिक जीवन कष्टकर बनाइराखेको हुन्छ भने अर्कोतिर यसले मुलुकको समग्र अर्थतन्त्रलाई नै नराम्ररी प्रभावित गरिराखेको हुन्छ । यसको दीर्घकालीन असर बढ्दै गयो भने समाजमा विभिन्नखाले विभेद बढाउँछ । फलस्वरूप देशमा विभिन्नखाले द्वन्द्व र सामाजिक समस्या सिर्जना हुन्छ । त्यसकारण पनि कालोबजारी र अस्वाभाविकरूपमा नाफा खाने प्रवृत्तिलाई निरुत्साहित गर्दै राज्यले आमउपभोक्तालाई उपभोग्य वस्तुमाथिको सहज र सरल पहुँच उपलब्ध गराउन सक्नुपर्दछ ।

वास्तवमा उपभोक्ता हकअधिकार संरक्षण नभएसम्म कुनै पनि मुलुकमा शान्ति, स्थिरता र समृद्धिको कल्पना पनि गर्न सकिँदैन । आमनागरिकलाई सहज र सरल ढंगबाट गुणस्तरीय खाद्यान्न उपभोगको पहुँच बढाउन हाम्रा तीनै तहका सरकार, राजनीतिक दल, सचेत नागरिक समाज, उपभोक्तावादी संघ/संगठन, अधिकारकर्मीलगायत सरोकार राख्ने सबै पक्षबीच एकीकृत प्रयास हुन आवश्यक छ । *रासस*

# भक्तपुर भ्रमणमा छुटाउनै नहुने सिद्धपोखरी

✍ **रश्मी भुजेल**

हरेक दिनको व्यस्त दिनचर्यापछि जब समय निस्किन्छ मानिसहरू त्यस समयलाई निकै खुसीसाथ बिताउन र आफ्ना परिवार वा साथीसँग समय बिताउन कुनै निश्चित गन्तव्यतिर जान्छन् । सुन्दर वातावरण, मनोरम दृश्य अनि स्वच्छ वातावरणमा मानिसले आफ्ना दुःख अनि पीडा केही समयको लागि भए पनि बिर्सिएर खुसी महसुस गर्दछ । आफ्नो मस्तिष्कका हरेक रोदन अनि तनावलाई हटाएर सकारात्मक ऊर्जा प्रदान गर्न पनि यस्ता ठाउँहरूले महत्त्वपूर्व भूमिका निर्वाह गर्दछ ।

सायद हामी कोही पनि छैन होला जसलाई घुम्न मन पर्दैन अनि कहीँ पनि घुम्न गएका छैनौं । झन् अहिलेको समयमा मानिसहरूलाई विभिन्न किसिमका तनावहरूले सताइरहेको हुन्छ । आफ्नो दायित्व, कामको दबाब, साथीसँग चिसिएको सम्बन्ध इत्यादि हरेक कुरालाई पन्छाउँदै मनमा आनन्द र उत्साह थप्नलाई नै मानिसहरू नयाँ ठाउँमा गएर आफ्नो निश्चित समय बिताउँछन् । त्यहाँको वातावरणमा रमेर, त्यस ठाउँलाई नियालेर आफैंमा 'पोजिटिभ' भाइब महसुस गर्दछन् । जसले अर्को समय नमिलुन्जेलसम्ममा काम गर्ने ऊर्जा प्रदान गरिरहोस् ।

आजका दिनहरू व्यस्तमात्र होइन, तनावपूर्ण पनि छन् । अनि ती तनावमा रहेका मानिसहरूको गन्तव्यस्थल बन्दै गइरहेको छ भक्तपुरमा रहेको एउटा पोखरी, जुन सदियौंदेखि सुन्दरताको प्रतीकको रूपमा रहँदै आएको छ । सिद्धपोखरी भक्तपुर जिल्लामा अवस्थित ऐतिहासिक पोखरी हो, जुन भक्तपुर दरबार क्षेत्रबाट केही पर रहेको छ । यो भक्तपुरकै सबैभन्दा ठूलो पोखरी हो, जसले ऐतिहासिक, धार्मिक, पर्यटकीय र मनोरञ्जनात्मक महत्त्व बोकेको छ । राजा जयस्थिती मल्लको पालामा निर्माण भएको सिद्धपोखरी आज आन्तरिक पर्यटकहरूको प्रमुख गन्तव्य बन्दै गएको छ ।

यसको भौगोलिक अवस्थितिको कुरा गर्ने हो भने यसको लम्बाइ करिब २७५ मिटर, चौडाइ करिब ९२ मिटर र गहिराइ १० फिट रहेको छ । सिद्धपोखरीको चारैतिर हरियाली, ऐतिहासिक पाटीपौवा, मठमन्दिर र परम्परागत वास्तुकलाका संरचनाहरू छन् । यसको वरिपरि बनेका ढुंगे पाटी तथा बस्ने ठाउँहरूले यसलाई झन् सुन्दर बनाएको छ ।

सहरको भीडभाड, सवारीसाधनको कोलाहल र दैनिक तनावबाट टाढा गएर केहीबेर शान्त वातावरणमा हराउन खोज्नेहरू जो कोहीले पनि यहाँ पुगेपछि शान्त वातावरण अनुभव गर्न सक्छन् । पोखरीको पानीमा परावर्तित नीलो आकाश, वरिपरिका बुट्टेदार काठबाट बनेको ती फलचाहरू र पोखरीमा रहेका रंगीविरंगी माछाहरूले विशेष सुन्दरता दिन्छ । प्राचीन वास्तुकला हेर्ने, फोटोग्राफी गर्ने र शान्त वातावरणमा समय बिताउनेहरूका लागि यो आकर्षक गन्तव्य हो । आन्तरिक पर्यटकका प्रमुख गन्तव्य भएता पनि भक्तपुर दरबार स्क्वायर नजिक भएका कारणले गर्दा बाहय पर्यटक पनि उत्तिकै मात्रामा देख्न सकिन्छ ।

सिद्धपोखरी भक्तपुरको ऐतिहासिक, धार्मिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण गन्तव्य हो । मल्लकालदेखि वर्तमानसम्म यसको आकर्षण यथावत् रहनुले यसको सांस्कृतिक मूल्य दर्शाउँछ । सिद्धपोखरीको चारैतिर हरियाली र यसको जलस्रोतले वातावरणीय सन्तुलन कायम राख्न मद्दत पुऱ्याउँछ, तर बढ्दो सहरीकरण र प्रदूषणका कारण यसको संरक्षण चुनौतीपूर्ण बन्न थालेको छ । शान्त वातावरण, सुन्दर दृश्य र ऐतिहासिक सम्पदासँगको सम्बन्धले यसलाई आन्तरिक तथा बाहय पर्यटकका लागि एक अद्वितीय स्थान बनाएको छ । संरक्षण तथा प्रवर्द्धनका पहलहरू जारी राख्ने हो भने सिद्धपोखरी केवल भक्तपुरकै होइन, नेपालकै प्रमुख सांस्कृतिक सम्पदामध्ये एक बन्न सक्छ । भक्तपुर भ्रमण गर्नेहरूका लागि छुटाउनै नहुने गन्तव्य बनेको छ सिद्धपोखरी ।



**तानबाट पोसाक बुन्दै** | तानमा जातीय पोसाक बुन्दै मोरङ बेलबारी नगरपालिका–३ का धिमाल समुदायका महिला । *तस्विर: विवेक मिश्र/रासस*

# विकट गाउँमा निर्माणाधीन अस्पताल पाँच वर्षदेखि अलपत्र

**पर्वत–** विहादी गाउँपालिका–२ बर्राचौरमा निर्माणाधीन अस्पताल पाँच वर्षदेखि अलपत्र बनेको छ । विकट क्षेत्रका नागरिकलाई सर्वसुलभ रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण थालिएको अस्पताल निर्माण व्यवसायीको ढिलासुस्तीका कारण अलपत्र परेको हो ।

१५ शयचा क्षमताको अस्पताल १७ महिनामा निर्माण सम्पन्न गर्नेगरी २०७७ मंसिरमा भ्याली बाबुरत्न जेभी कम्पनीले जिम्मा लिएको थियो । समयमा काम नगर्दा निर्माण भएका संरचना पनि जीर्ण बन्दै गएका छन् । संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय पोखरामार्फत निर्माण हुन लागेको उक्त भवन छ करोड रूपैयाँ लागतमा बन्न लागेको हो । साउदी सरकारको पुनर्निर्माणसम्बन्धी साउदी फण्डबाट अस्पताल निर्माण थालिएको थियो ।



अस्पताल सम्पन्न भएर सञ्चालनमा आइसक्ने बेला भइसक्दा पनि निर्माण व्यवसायीको लापरबाही र स्थानीय सरकारले दबाब नदिँदा एक तला ढलान गरेर अलपत्र अवस्थामा छाडिएको विहादी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख हरिप्रसाद भुसालले बताए ।

ठेकेदारको लापरबाहीका कारण पाँच वर्षभन्दा बढी भइसक्दा पनि भवन सम्पन्न हुन नसकेको स्थानीयले गुनासो गरेका छन् । ठेकेदारले अस्पताल निर्माण सम्झौताअनुसार समयमा सम्पन्न नगरी पटक-पटक म्याद थप गर्दै आएको स्थानीय बताउँछन् । काम सम्पन्न गर्ने भन्दै ठेकेदार कम्पनीले अहिलेसम्म तीनपटक निर्माण सम्झौताको म्याद थप गरिसकेको छ ।

अस्पतालका लागि स्थानीय डोलेन्द्र गिरी, राम गिरी, कृष्ण गिरी, भूपेन्द्र पौडेल, भूमिश्वर पौडेल, अर्जुन भट्टराईलगायतले निःशुल्क जग्गा उपलब्ध गराएपछि निर्माण प्रक्रिया सुरु भएको थियो । योसँगै स्थानीयले समयमा सर्वसुलभ स्वास्थ्य सेवा पाउन् भनेर उर्वरायुक्त जमिन दान गरेका जग्गादाता निराश बनेका छन् ।

संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय पोखराका इञ्जिनियर सुवास बरालले ठेकेदार कम्पनीले नियमानुसार पाउनुपर्ने रकम लिइरहेको बताए । ठेकदारले ल्याएको बिलबापत रकम लिएको बताउँदै अहिलेसम्म एक करोड ६५ लाख रूपैयाँ भुक्तानी लिइसकेको उनले जानकारी दिए । करिब १२ हजार वर्गफिटमा बन्ने भवनमध्ये एउटा ब्लकको केही वर्ष पहिले ढलान भए पनि 'बी ब्लक'को ढलान हुन बाँकी रहेको उनले बताए ।

संघीय सहरी विकास तथा भवन निर्माण कार्यालयका अनुसार भ्याली बाबुरत्न जेभी कम्पनीले स्याङ्जा आरुचौरमा आयुर्वेदिक अस्पताल र सेतीदोभानमा प्राथमिक अस्पतालको भवन निर्माणको सम्झौता गरी करिब १९ करोड रूपैयाँ बराबरमा निर्माण सम्झौता गरेको थियो । निर्माण जिम्मा लिए पनि स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रको भवन अलपत्र पारेको भन्दै स्थानीय निराश बनेका छन् । विहादी गाउँपालिकाका अध्यक्ष प्रवीन गुरुङले गौरवको योजनाका रूपमा रहेको उक्त भवन अलपत्र परेकोबारे संघीय स्वास्थ्य मन्त्रालय र गण्डकी प्रदेशमा जानकारी गराइएको बताए । निर्माण अलपत्र पार्ने ठेकेदारसँग सम्झौता रद्द गरेर अर्कोलाई दिन पहल गरिएको उनको भनाइ छ ।

समयमा अस्पताल नबन्दा विहादीका छ, पैंयू गाउँपालिकाका सातवटा वडाका साथै छिमेकी जिल्ला बागलुङ र गुल्मीका नागरिकहरू सामान्य उपचारका लागि पाल्पा, बुटबलका अस्पतालमा जान बाध्य भएका छन् । *रासस*

# मनाङको फू गाउँमा सशस्त्रको 'बिओपी' राखिने

**मनाङ (प्रस)–** हिमाली जिल्ला मनाङ र चीनको सिमानामा बोर्डर आउट पोस्ट (बिओपी) स्थापना गरिने भएको छ । सीमानाका निर्धारण गर्ने उद्देश्यले नार्पाभूमि गाउँपालिकामा बिओपी स्थापना गरिने भएको हो ।



नार्पाभूमि गाउँपालिका–४ फू गाउँमा बिओपी स्थापना गरिने जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ । समुद्री सतहदेखि करिब चार हजार मिटर उचाइमा बिओपी स्थापना गर्न लागिएको हो । प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले सीमामा सहजता र सुरक्षाका लागि बिओपी स्थापना गर्न लागिएको बताए । उनले बिओपी स्थापनाका लागि २० रोपनी जग्गा दीर्घकालीन रूपमा भाडामा सशस्त्र प्रहरीलाई उपलब्ध गराइएको जानकारी दिए । सरकारी जग्गा आवश्यकताअनुसार सशस्त्र प्रहरीले उपयोग गर्ने गरी भाडामा जग्गा उपलब्ध गराइएको प्रजिअ आचार्यले बताए ।

जग्गा भाडाको प्रमाणपत्र सशस्त्र प्रहरी बल नं. ३२ का गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक हिराबहादुर जिसीलाई एक कार्यक्रमबीच बिहीबार हस्तान्तरण गरिएको छ । 'फू क्षेत्र मनाङको विकट क्षेत्र हो । हालसम्म सडक सञ्जालसमेत नपुगेकाले बिओपी स्थापनापछि सीमा सुरक्षा तथा निगरानीका साथै अन्तरदेशीय अपराध नियन्त्रण प्रभावकारी हुने अपेक्षा गरिएको छ,' प्रजिअ आचार्यले भने ।

बिओपीमा प्रहरी निरीक्षकसहित ३५ जना सशस्त्र प्रहरी खटाइने छ । प्रजिअ आचार्यले नार्पाभूमि गाउँपालिकासँग समन्वय गरेर अघि बढ्ने र जतिसक्दो छिटो बिओपी गरिने बताए । उनले बिओपी स्थापना पछि शान्ति सुरक्षा, विपद व्यवसथापन तथा लेक लागेर बिरामी हुने पर्यटकको उद्धारमा थप प्रवभाकारी हुने अपेक्षा गरिएको बताए । नार्पाभूमि चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमा जोडिएको पालिका हो । फू गाउँ पुग्न सदरमुकाम चामेबाट दुई दिन लाग्दछ ।

# धुलिखेल-खावा सडकखण्डको निर्माण कार्य अन्योल

**काभ्रेपलाञ्चोक–** अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डको स्तरोन्नति कार्य अन्योलमा परेको छ । चार किलोमिटर सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै सडक डिभिजन कार्यालय भक्तपुरले निर्माण कम्पनीसँगको ठेक्का रद्द गरेलगत्तै निर्माण व्यवसायीले उच्च अदालत पाटनमा अदालतमा मुद्दा हालेका थिए ।

सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिउको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको थियो । उक्त सडकखण्डको ठेक्का रद्द गरेपछि अदालत गएका व्यवसायीको मुद्दामा केही दिनअघि अदालतले निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने, धरौटी रकम जफतलगायत 'कारबाही नगर्न तथा हालको जुन अवस्थामा रहेको छ, सोही अवस्थामा राख्न' अन्तरिम आदेश दिएपछि खण्डखण्डको काममा अन्योलता छाएको हो ।

जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको सडक विस्तारको काम उक्त कम्पनीले २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी २० करोड १९ लाख ४६ हजार रूपैयाँमा ठेक्का लिएको थियो । ठेकेदार कम्पनीले निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि २५ प्रतिशतसमेत निर्माणको काम सकेको थिएन । पछिल्लो वर्षदेखि उक्त सडकखण्डको निर्माणको काम ठप्प प्रायः नै थियो ।

कार्यालयका प्रमुख डिजिनल सिनियर इञ्जिनियर सुमन योगेशले अदालतबाट अन्तरिम आदेश आए पनि पुनःठेक्का प्रक्रियाको काम अघि बढिरहेको बताए । 'कानुनतः पुनः ठेक्का खोल्ने प्रक्रियामा अघि बढ्न मिल्छ, यसका लागि मन्त्रालयस्तरमा निर्णयको प्रक्रिया अघि बढिरहेको छ,' उनले भने । उनका अनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सहमति दिने तयारीमा छ भने यसपछि अर्थ मन्त्रालयले बजेट विनियोजन गर्ने छ ।

यसैबीच ठेक्का रद्द गरिएको तथा अदालतले हाललाई कुनै पनि काम अघि नबढाउने अन्तरिम आदेश दिएपछि स्थानीयले धुलोका कारण जनजीवन प्रभावित भएको जनाउँदै बिहीबार तीन घण्टा सडक अवरूद्ध गरेका थिए । जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा सडक डिभिजन कार्यालय भक्तपुरबीच पुनः सडक निर्माणको काम सुरू नभएसम्मका लागि दैनिक दुई ट्यांकर पानी हाल्ने सहमतिपश्चात् सडक अवरूद्ध गर्न बसेका स्थानीय पछि हटेका थिए ।

कार्यालयका अनुसार कम्पनीले लिखित स्पष्टीकरण दिए पनि सन्तोषजक, भरपर्दो विश्वसनीय नदेखिएपछि ठेक्का रद्द गर्ने निष्कर्षमा पुगिएको हो । हालसम्म धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा कटिङको काम मात्रै भएको छ भने केही स्थानमा नाली तथा ड्रेन-वाल लगाउने काम गरिएको छ । जिपलाइन स्थानदेखि तल खावासम्मको करिब सडकमात्रै भत्काइएको तर एक किलोमिटर भागमा कटिङ नै बाँकी रहेको छ ।

गत जेठमा धुलिखेलतर्फबाट बेश, सब-बेश हाल्ने काम सुरू गरिए पनि वर्षामा सबै बगाएर खण्डहरझैं बनाएको थियो । समयमै निर्माण सम्पन्न नहुँदा यस राजमार्ग भएर गुड्ने सवारीका यात्रुले दुई वर्षदेखि निकै सास्ती खेप्दै आउनुपरेको छ । सडक निर्माणको काम समयमा नसकिँदा पुनः निर्माणका लागि भत्काइएको सडकमा सयौं दुर्घटना हुँदा यात्री घाइते भएका छन् । केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल-खावा सडकखण्डलाई १२ मिटरको फराकिलो बनाइ कालोपत्र गर्न लागिएको थियो ।

उक्त सडकमा गुड्ने मालवहाक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन कार्यालयले नेपालमा नै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र आस्फाल कालोपत्र गर्ने योजना बनाएको थियो ।

# सकियो भूतपूर्व सैनिक सम्मेलन

**बाँके (प्रस)–** नेपाली सेनाको भूतपूर्व सैनिक सम्मेलन सम्पन्न भएको छ । बाँकेको राँझास्थित श्री नं ४ बाहिनी अड्डा इमामनगर ब्यारेकको आयोजनामा शुक्रबार 'नेपाली सेना भूतपूर्व सैनिक सम्मेलन-२०८१' सम्पन्न भएको हो । भूपू सैनिक सम्मेलनलाई नेपाली सेनाका उपरथी दीपककुमार बानियाले उद्घाटन गरेका थिए । सम्मेलनमा अशक्त सैनिक, भूपू सैनिक तथा उनीहरूका परिवारका अशक्त सदस्यलाई ह्विल चेयर, वैशाखी, 'ब्लाइन्ड स्टिक,' 'एल्बो क्रचेज'लगायतका सहायक सामग्री प्रदान गरिएको थियो ।

उपरथी बानियाले विभिन्न १३ जना अशक्त सैनिक तथा सैनिकका परिवारलाई सहायक सामग्री प्रदान गरे । उनले सम्मेलनमा सहभागी भूपू सैनिक तथा एकल महिलासँग सामूहिक छलफल तथा अन्तरक्रियासमेत गरे ।

उत्तर पश्चिम पृतना हेडक्वार्टर सुर्खेतमा पनि शुक्रबार नै भूपू सैनिक सम्मेलन गरिएको थियो । सो सम्मेलनलाई प्रधानसेनापति अशोकराज सिग्देलले उद्घाटन गरेका थिए। प्रधानसेनापति सिग्देलले सुर्खेतमा गरेको सम्बोधनलाई प्रत्यक्ष 'अडियो'मार्फत नेपालगञ्ज सम्मेलनमा सुनाइएको थियो । सम्मेलनले पूर्वसैनिकबीच भेटघाट तथा पुनःमिलन गराउने अवसर प्राप्त हुने, सेनाको संगठन, सैनिक नेतृत्व र हिताधिकारीबीच आत्मीयता, भरोसा र विश्वास वृद्धि हुने बताइएको छ ।

बहालवाला तथा भूतपूर्वबीच सम्बन्ध प्रगाढ तुल्याउन, देश र संस्थाप्रतिको आस्था भरोसालाई सम्मान गर्न तथा भूपूले राष्ट्रसेवामा गरेको योगदानको कदर गर्ने अवसरका रूपमा सम्मलेन हुँदै आएको सेनाले जनाएको छ । कार्यक्रममा श्री नम्बर चार बाहिनी अड्डा इमामनगर ब्यारेक राँझाका बाहिनीपति सहायक रथी रोशन शमसेर राणा, प्रमुख सेनानी दिपक गुरुङ, बज्रदल गणका गणपति रविन श्रेष्ठ, रणबम गणका गणपति प्रवीन थापालगायतका उच्च सैनिक अधिकृतको सहभागिता थियो ।

कार्यक्रममा नेपाली सेनाको बाहिनी तथा विभिन्न गणका सैनिकले विभिन्न भाषाभाषी तथा जातजातिका संस्कृति झल्कने गीतमा सांस्कृतिक नृत्य प्रस्तुत गरेर मनोरञ्जन प्रदान गरेका थिए । हरेक तीन वर्षमा एकपटक भूपू सैनिक सम्मेलन आयोजना हुँदै आएको सेनाले जनाएको छ ।


## कुवेतमा रोजगार

कम्पनी : AL-SAIF UNITED FOR GENERAL TRADING & CONT.CO.

पूर्व स्वीकृति मिति : २०८१/१२/०९ | LT. No. 320855 | चलानी नं.६०२३४९३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 175 | 0 | 95 | ४२,५४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८१ चैत १७ गते (230th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

## जापानमा रोजगार

कम्पनी : SJC COOPERATIVE, KOFU CITY YAMANASHI

पूर्व स्वीकृति मिति : २०८१/१२/०९ | LT. No. 320800 | चलानी नं. ६०२३४९२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food processing | 2 | 0 | 171560 | १५८,०८० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1567/079/80

NIHON EMPLOYMENT CENTER PVT.LTD

Pepsikola-32, Kathmandu, Nepal, T: 977-1-49929, Email:- necc.mgmt@gmail.com


## बुढानीलकण्ठ नगरपालिका
## बुढानीलकण्ठ नगर अस्पताल

बुढानीलकण्ठ, १०, बालुवाखानी

### आधिकारिक प्रतिनिधी (बिक्रेता) सूचिकृत हुने सम्बन्धी सूचना

बुढानीलकण्ठ नगरपालिका अन्तर्गतको बुढानीलकण्ठ नगर अस्पतालमा रहेका तपशिलका मेसिनहरुमा प्रयोगमा आउने ल्याव केमिकल (रियजेन्ट), किट तथा Consumable हरुको आ. ब २०८१/८२ को लागि प्रतिस्पर्धाबाट खरिद गर्न उत्पादक कम्पनिको आधिकारिक बिक्रेता वा ऐजेन्टहरुले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा ४१ को उपदफा १(ग), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (३) र उपनियम (६) बमोजिम सूचिकृत हुन इच्छुक कम्पनी/फर्महरुले व्यवसाय दर्ता र नविकरण, कम्पनी दर्ता, मु.अ.कर दर्ता र केमिकल, किट तथा Consumable हरुको दररेट (Unit Rate, Expiry date 18 Months remaining and Delivery duration), समेत उल्लेख गरि यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र कार्यलय समयमा बुढानीलकण्ठ नगर अस्पतालको प्रशासन शाखामा दर्ता गराउनु हुन सम्वन्धित सबैमा सूचना आह्वान गरिन्छ ।

**तपशिल**

| S.N | Description | Manufacturer | Model |
|---|---|---|---|
| 1 | CLIA-YHLO | YHLO | YHLO-1200 |
| 2 | ERBA-BIOCHEMISTRY | ERBA | XL-200 |
| 3 | Electrolyte Analyzer | CORNLEY | MINI ISE |
| 4 | POCT ANALYZER | SD BIOSENSOR | f200 |
| 5 | X- Ray Film | Lucky Healthcare Company Limited | MIP-1601 |
| 6 | Hematology Analizer 3 part | High techonology Inc USA | MICROCC 20 PLUS |

प्रभाव दैनिक

आइतबार, १० चैत २०८१ (Sunday, March 23, 2025)

रूपशाला

## 'यति माया गरूँ कि'मा प्रवीन र समिक्षा

गायक तथा संगीतकार नागेन्द्र श्रेष्ठ र गायिका रचना रिमालको स्वर रहेको यती माया गरूँकी तिमीलाई बोलको गीतको भिडियो सार्वजनिक भएको छ । गीतकार सिएल शर्माका शब्द सृजना रहेको गीतमा गायक श्रेष्ठ स्वयमकै संगीत, याकुब तामाङको एरेन्ज तथा दिनेश न्यौपानेको मिक्सिङ तथा मास्टरिङ रहेको छ । भिडियोमा मोडलद्धय प्रबिन डिसी र समिक्षा न्यौपानेको अभिनय रहेको छ । निर्देशक जश बहादुर याक्ख्याको निर्देशन रहेको भिडियोको छायांकन कालिन्चोकमा गरिएको हो ।



# 'मौलिक संस्कृति र पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्ने चलचित्रलाई सरकारले सहयोग गर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मौलिक संस्कृति र पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्ने गरी निर्माण हुने चलचित्रलाई सरकारले आवश्यक सहयोग र सहजीकरण गर्ने बताएका छन् ।

आठौं नेपाल अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा शनिबार उनले सांस्कृतिक र पर्यटन प्रवर्द्धन हुने गरी चलचित्र निर्माण गर्ने योजना लिएर आए मन्त्रालयले सहयोग र सहजीकरण गर्ने बताउनुभएको हो । गुणस्तरीय चलचित्र निर्माण गर्न सकेको अवस्थामा विदेशीभन्दा स्वदेशी चलचित्रप्रतिको दर्शकको आकर्षण बढी हुने भन्दै मन्त्री पाण्डेले चलचित्र उद्योग भौतिक र अभौतिक सुन्दरता बोक्नेतर्फ उन्मुख हुनुपर्नेमा जोड दिए । 'चलचित्र बनाउने विषय निर्माताको विषय मात्रै होइन, एउटा चलचित्र सफल भएको अवस्थामा निर्माता, निर्देशक र कलाकारसहित समग्र मुलुकले त्यसबाट फाइदा लिनसक्छ । निराशाको बढी प्रचार भइरहेका बेला आशाको सञ्चार गर्न पनि चलचित्र प्रभावकारी माध्यम बन्नसक्छ । यसतर्फ ध्यान दिन आवश्यक छ', उनको भनाइ थियो ।

मन्त्रालयअन्तर्गतका आठ वटा धरोहर विश्वसम्पदा सूचीमा रहेको उल्लेख गर्दै मन्त्री पाण्डेले त्यसलाई समेटेर चलचित्र उद्योगी अघि बढेको अवस्थामा मन्त्रालयको पनि सहयोग रहने धारणा राखे । 'यसबाट नेपालले पर्यटन क्षेत्रबाट लाभ लिनसक्छ । चलचित्रकर्मीले विगतका विषयवस्तु र साँघुरो मानसिकताभन्दा माथि उठेर विश्वव्यापीकरणको सोच राख्नुपर्ने आवश्यकता छ । स्वदेशमा लगानी गर्न आउने उद्योगीलाई सहज वातावरण बनाउनुपर्छ । नेपाली चलचित्र बाहिर खिच्नुपर्ने अभ्यासलाई निरुत्साहित गर्नुपर्छ', उनले भने ।

मन्त्री पाण्डेले राष्ट्रिय एकता, सहिष्णुता, धार्मिक एकतासहितको सन्देशसमेत चलचित्रले दिने भएकाले यस क्षेत्रको प्रवर्द्धन गर्न सरकारले काम गरिरहेको बताए । चलचित्रकै माध्यमबाट सांस्कृतिक स्थलहरू पशुपति, लुम्बिनी, जनकपुरजस्ता क्षेत्रको विश्वमा प्रवर्द्धन गर्न सकिने उनको भनाई थियो ।

# प्रियंका बनिन् 'हाइ पेड हिरोइन'

■ प्रभाव संवाददाता



**मुम्बई–** हिन्दी सिनेमामा शीर्ष नायिकाको कमी छैन । अहिले ठूलो पर्दामा सक्रिय रहनेमा दीपिका पादुकोण, प्रियंका चोपडा, आलिया भट्ट, कट्रिना कैफ र करिना कपूर खानजस्ता अभिनेत्रीहरू छन् । तर के तपाईलाई थाहा छ ? यी मध्ये सबैभन्दा धेरै पारिश्रमिक लिने हिरोइन को हुन् ?

बलिउडमा हिरो र हिरोइनको पारिश्रमिकको अन्तरको चर्चा प्रायः हुने गर्छ । हिरोइनले हिरोभन्दा कम पारिश्रमिक पाउँछन् तर कतिपय नायिका यस्ता पनि छन्, जसले यो मापदण्ड बदलेर आज आफ्नो चरित्र अनुसार हिरोको भन्दा बढी चर्को शुल्क लिइ रहेका छन् ।

यसअघि दीपिका सबैभन्दा धेरै पारिश्रमिक लिने अभिनेत्री थिइन तर अहिले उनको स्थान देसी गर्ल अर्थात प्रियंका चोपडाले लिएकी छिन् ।

बलिउड देखि हलिउडसम्म विशेष गरी हलिउडमा काम गरेपछि आफ्नो अभिनय क्षमता प्रमाणित गरेकी प्रियंका चोपडाको नेटवर्थमा उल्लेख्य वृद्धि भएको छ । आज उनी विदेशी फिल्मका लागि मात्र नभई हिन्दी फिल्मका लागि पनि ठुलो पारिश्रमिक लिइरहेकी छिन् । दीपिकाले कुनै पनि फिल्मका लागि लिएको भन्दा पनि आफ्नो आगामी फिल्मका लागि उनले निर्माताबाट बढी पैसा लिने गरेकी छिन् ।

प्रियंका चोपडाभन्दा पहिले दीपिका पादुकोण सबैभन्दा बढी पारिश्रमिक लिने अभिनेत्री हुन् किनभने उनले आफ्नो ब्लकबस्टर फिल्म कल्की २८९८ एडीका लागि २० करोड पारिश्रमिक लिएकी थिइन । तर, अहिले प्रियंका सबैभन्दा धेरै पारिश्रमिक लिने अभिनेत्री बनेकी छिन् । बलिउड हंगामाका अनुसार प्रियंका चोपडाले दिग्गज निर्माता/निर्देशक एसएस राजामौलीद्वारा निर्देशित फिल्म एसएसएमबीः २९ को लागि करिब ३० करोड भारु लिएकी छिन् ।

प्रियंकाले यति धेरै पारिश्रमिक मागेका कारण निर्माता अलमलमा परेका थिए तर अन्ततः उनलाई नै कास्ट गरियो । यदि यो सत्य हो भने प्रियंका बलिउडकी सबैभन्दा धेरै पारिश्रमिक लिने अभिनेत्री हुन् ।

# पोखरामा 'समानान्तर निटफेस्ट' सुरु




■ प्रभाव संवाददाता

**काठमाडौं–** बुधबारदेखि काठमाडौंमा जारी तेस्रो नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव (नेटफिस्ट)को समानान्तर महोत्सव शनिबारदेखि पोखरामा सुरु भएको छ । निटफिस्टको पहलमा पोखराको गन्धर्व थिएटर गैह्रापाटनमा आयोजना भएको महोत्सव १३ गतेसम्म चल्नेछ ।

पोखरा थिएटर आयोजक रहेको महोत्सवमा ५ देशका ६ नाटक मञ्चन हुँदैछन् । नेपाललगायत चीन, जापान, ट्युनिसिया र नर्वे नेपालको संयुक्त प्रस्तुतिमा तयार नाटकहरू देखाइने महोत्सवमा सांस्कृतिक झाँकी, सांस्कृतिक परेड, कार्यशाला र अन्तक्रियात्मक गतिविधिसमेत समेटिने पोखरा अन्तर्राष्ट्रिय नाट्य महोत्सव निर्देशक परिवर्तनले जानकारी दिए । निटफेस्ट र पोखरा थिएटरबीच पहिलो संस्करणदेखि नै सहकार्य सुरु भएको थियो ।

महोत्सवमा निटफेस्ट काठमाडौंमा प्रदर्शन हुने केही विदेशी नाटकहरू पोखरा अन्तर्राष्ट्रिय नाट्य महोत्सवमा पनि मञ्चन हुनेछन् । निर्देशक परिवर्तनले भने, यो महोत्सव निटफेस्टकै प्रस्तावमा आयोजना गर्ने पहल गरेका हौं । काठमाडौंबाट निटफेस्ट आयोजकले विदेशी नाटकहरू पोखरा ल्याउने संयोजन गरिको र त्यसमा आफ्नै पहलमा यताका केही नेपाली नाटकहरू थपेको परिवर्तनको भनाई छ ।

महोत्सवका संयोजक केदार श्रेष्ठले भने, निटफेस्टले काठमाडौं बाहिरका रंगकर्मीहरूसँग सहकार्य गरी समानान्तर महोत्सव गर्ने अभ्यास निटफेस्टको पहिलो संस्करणदेखि नै सुरु गरेको थियो । त्यसलाई दोस्रो संस्करणमा निरन्तरता दिन नसकिए पनि तेस्रो संस्करणमा फेरि काठमाडौं बाहिर समानान्तर रूपमा महोत्सव अघि बढाएका हौं ।

यस पटक निटफेस्टले पोखरासँगै चितवन र बेलबारीका स्थानीय आयोजकहरूसँग सहकार्य गरी तीन सहरमा समानान्तर निटफेस्ट गर्न लागेकोसमेत उनले बताए । काठमाडौंमा जारी निटफेस्टको आज चौथो दिन हो । मण्डला थिएटरमा जारी महोत्सवमा आज इरानको एन्टिगोनी, लुथियाना र स्पेनको अराइभ्ड र चीनको चार्मिङ जिन्जु अ मञ्चन भएको थियो ।

रंगशाला

# एनएसएलको ट्रफी पोखरामा



■ प्रभाव संवाददाता

**पोखरा–** तेस्रो संस्करणको एनसेल नेपाल सुपर लिग (एनएसएल)आगामी चैत १६ देखि वैशाख १३ सम्म हुँदैछ । सोही प्रतियोगिताको ट्रफी शनिबार पर्यटकीय राजधानी पोखरामा अनावरण एवं प्रदर्शन गरिएको छ ।

पोखरा थन्डर्स एफसीको व्यवस्थापनमा पोखराका ५ ठाउँमा ट्रफी प्रदर्शन गरिएको हो । पुम्दीकोट शिव मन्दिर, शान्तिस्तूप, पोखरा रंगशाला, बेगनास ताल र सृजनाचोकस्थित एनसेल सेन्टरमा ट्रफी प्रदर्शन गरिएको पोखरा थन्डर्सका व्यवस्थापक घनश्याम थापाले जानकारी दिए । उनकाअनुसार फेवाताल किनार र विन्ध्यावासिनी मन्दिरमा आइतबार बिहान ट्रफी प्रदर्शन गरिने छ ।

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले प्रर्दशनमा लैजानुअघि ट्रफी अनावरण गरेका थिए ।

धनगढी, बुटवल, झापा, चितवनमा अनावरण एवं प्रदर्शनपछि ट्रफी पोखरा ल्याइएको हो । पोखरापछि ललितपुर र काठमाडौंमा ट्रफी प्रदर्शन गरिने आयोजक नेपाल स्पोर्ट्स एन्ड इभेन्ट म्यानेजमेन्टले जनाएको छ ।

# बागमतीसँग कोशी पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** बागमती प्रदेशले कोशी प्रदेशलाई १३१ रनको फराकिलो अन्तरले पराजित गरेको छ । प्रधानमन्त्री राष्ट्रिय पुरुष एकदिवसीय क्रिकेट प्रतियोगितामा शनिबार भएको खेलमा बागमतीले कोशीलाइ फराकिलो अन्तरले पराजित गरेको हो ।

दाङको देउखुरी क्रिकेट मैदानमा बागमतीले प्रस्तुत गरेको २४१ रनको लक्ष्य पछ्याएको कोशी २५.३ ओभरमा १०९ रनमा नै समेटिन बिबश भएको हो । त्यसअघि टस जितेर ब्याटिङ रोजेको बागमती ४९.३ ओभरमा २४० रनको योगफल तयार पारेको थियो ।

बागमतीका लागि शुभ कंसाकारले ३९, शुतोष घिरैयाले २९, इशान पाण्डे र विपिन आचार्यले समान २५, रिजन ढकालले अविजित २२, सोनु देवकोटा १८, सूर्यले १७ तथा गौतम केसी १६ रन बनाएका थिए । जितसँगै सात खेलमा ६ अंक जोडेको बागमती छैठौं स्थानमा उक्लिएको छ । कोशी समान खेलबाट २ अंकका साथ पुछारमा छ ।

# तेन्जिङ र स्वस्तिकालाई नेसनल क्लाइम्बिङ च्याम्पियनसिपको उपाधि

■ प्रभाव संवाददाता



**काठमाडौं–** तेन्जिङ राई र स्वस्तिका चौधरीले 'वोङ्छु पिक एन्ड मुसा मसला नेसनल स्पोर्ट क्लाइम्बिङ च्याम्पियनसिप २०२५' को उपाधि जितेका छन् । नेपाल क्लाइम्बिङ स्पोर्ट एसोसिएन (एनसीएसए) को आयोजनमा शनिबार सम्पन्न भएको प्रतियोगितामा तेन्जिङ पुरुषतर्फ र स्वस्तिका महिलातर्फ च्याम्पियन बने ।

पुरुषतर्फ च्याम्पियन तेन्जिङ राईले समग्रमा १८०५ अंक जोडे । बोल्डरमा १ हजार अंक स्कोर गरेका तेन्जिङले लिडमा ८०५ अंक मात्र जोडेपनि समग्रमा धेरै अंक जोडेर च्याम्पियन बने ।

यस्तै पेम्बा छेवाङ शेर्पा राई १६९० अंक स्कोर गर्दै दोस्रो भए । पेम्बाले बोल्डरमा ६९० अंक मात्र जोडेका थिए । तर लिडमा १ हजार अंक जोडेपछि उनले समग्रमा दोस्रो धेरै अंक जोडेर दोस्रो बनेका हुन् । रोनक उप्रेती तेस्रो भए । बोल्डरमा ८०५ अंक स्कोर गरेका रोनकले लिडमा ६९० अंक स्कोर गर्दै समग्रमा १४९५ अंक स्कोर गरेर तेस्रो भए पुरुषतर्फ कूल १३ खेलाडी सहभागि भएका थिए । जसमा क्वालिफिकेसन राउण्डबाट अन्तिसम चरणमा ८ खेलाडी छनोट भएका थिए ।

यसैगरी महिलातर्फ भने स्वस्तिकाले दुवै विधामा उत्कृष्ट प्रदर्शन गर्दै अन्य प्रतिस्पर्धीमाथि हावी बनेकी थिइन् । स्वस्तिकाले लिड र बोल्डर दुवैमा एक हजार अंक स्कोर गर्दै समग्रमा २ हजार स्कोर गर्दै च्याम्पियन बनेकी हुन् । यस्तै रुशा प्रधान दोस्रो र मनिषा बुढा मगर तेस्रो भए । रुशाले लिड र बोल्डरिङ दुवैमा समा ८०५ अंक स्कोर गर्दै समग्रमा १६१० अंक स्कोर गरिन् । यस्तै मनिषाले दुवै विधा समान ६९० स्कोर गर्दै १३८० अंक जोडिनन् ।

महिलातर्फ शीर्ष तीनसँगै तेन्जिङ खान्डो तामाङ, पञ्चमाया तामाङ र सन्तोषी मगर गरी ६ खेलाडीले मात्र सहभागि जनाएका थिए । महिला र पुरुषको च्याम्पियन दुवैले नगद ५० हजार सहित मेडल र प्रमाण पत्र प्राप्त गरे । दोस्रो भएका खेलाडीले नगद ३० हजार र तेस्रो भएका खेलाडीले २० हजार प्राप्त गरे । ६ वर्षपछि पहिलो पटक क्लाइम्बिङ स्पोर्टको नेसनल च्याम्पियनसिप आयोजना भएको हो । यसअघि पछि

काठमाडौं । तेन्जिङ राई र स्वस्तिका चौधरीले 'वोङ्छु पिक एन्ड मुसा मसला नेसनल स्पोर्ट क्लाइम्बिङ च्याम्पियनसिप २०२५' को उपाधि जितेका छन् । नेपाल क्लाइम्बिङ स्पोर्ट एसोसिएन (एनसीएसए) को आयोजनमा शनिबार सम्पन्न भएको प्रतियोगितामा तेन्जिङ पुरुषतर्फ र स्वस्तिका महिलातर्फ च्याम्पियन बने ।

पुरुषतर्फ च्याम्पियन तेन्जिङ राईले समग्रमा १८०५ अंक जोडे । बोल्डरमा १ हजार अंक स्कोर गरेका तेन्जिङले लिडमा ८०५ अंक मात्र जोडेपनि समग्रमा धेरै अंक जोडेर च्याम्पियन बने । यस्तै पेम्बा छेवाङ शेर्पा राई १६९० अंक स्कोर गर्दै दोस्रो भए । पेम्बाले बोल्डरमा ६९० अंक मात्र जोडेका थिए । तर लिडमा १ हजार अंक जोडेपछि उनले समग्रमा दोस्रो धेरै अंक जोडेर दोस्रो बनेका हुन् ।

रोनक उप्रेती तेस्रो भए । बोल्डरमा ८०५ अंक स्कोर गरेका रोनकले लिडमा ६९० अंक स्कोर गर्दै समग्रमा १४९५ अंक स्कोर गरेर तेस्रो भए पुरुषतर्फ कूल १३ खेलाडी सहभागि भएका थिए । जसमा क्वालिफिकेसन राउण्डबाट अन्तिसम चरणमा ८ खेलाडी छनोट भएका थिए ।

यसैगरी महिलातर्फ भने स्वस्तिकाले दुवै विधामा उत्कृष्ट प्रदर्शन गर्दै अन्य प्रतिस्पर्धीमाथि हावी बनेकी थिइन् । स्वस्तिकाले लिड र बोल्डर दुवैमा एक हजार अंक स्कोर गर्दै समग्रमा २ हजार स्कोर गर्दै च्याम्पियन बनेकी हुन् ।

यस्तै रुशा प्रधान दोस्रो र मनिषा बुढा मगर तेस्रो भए । रुशाले लिड र बोल्डरिङ दुवैमा समा ८०५ अंक स्कोर गर्दै समग्रमा १६१० अंक स्कोर गरिन् । यस्तै मनिषाले दुवै विधा समान ६९० स्कोर गर्दै १३८० अंक जोडिनन् । महिलातर्फ शीर्ष तीनसँगै तेन्जिङ खान्डो तामाङ, पञ्चमाया तामाङ र सन्तोषी मगर गरी ६ खेलाडीले मात्र सहभागि जनाएका थिए । महिला र पुरुषको च्याम्पियन दुवैले नगद ५० हजार सहित मेडल र प्रमाण पत्र प्राप्त गरे । दोस्रो भएका खेलाडीले नगद ३० हजार र तेस्रो भएका खेलाडीले २० हजार प्राप्त गरे । ६ वर्षपछि पहिलो पटक क्लाइम्बिङ स्पोर्टको नेसनल च्याम्पियनसिप आयोजना भएको हो । यसअघि पछिल्लो पटक सन् २०१९ मा च्याम्पियनसिप भएको थियो । त्यसपछि कोरोना महामारी र अन्य कारणले गर्दा लामो समय च्याम्पियनसिप हुन सकेको थियो ।

अहिले संघमा नयाँ टिम आएपछि पहिलो पटक च्याम्पियनसिप आयोजना भएको हो । नेपाल क्लाइम्बिङ स्पोर्ट एसोसिएसनका कार्यवाहक अध्यक्ष रमेश पौडेलले लामो समयपछि च्याम्पियनसिप आयोजना गर्न सफल भएको र यो सुरुवात भएको बताए ।

'हाम्रो टिम र स्पोन्सरको साथ र सहयोगले पहिलो पटक च्याम्पियनसिप सम्पन्न गरेका छौं । यो सुरुवात मात्र हो । हाम्रो लक्ष्य भनेको नेपाली क्लाइम्बिङ स्पोर्ट्का खेलाडीहरूलाई ओलम्पिकसम्म पुऱ्याउने हो,' पौडेलले भने ।

प्रदेश खेलकुद विकास परिषद बागमतीका सदस्य सचिव दीपक लामाले क्लाइम्बिङ स्पोर्टमा सहयवग गर्न बागमती प्रदेश तयार रहेको र यसको सम्भावना धेरै रहेको बताए ।

अहिले संघमा नयाँ टिम आएपछि पहिलो पटक च्याम्पियनसिप आयोजना भएको हो । नेपाल क्लाइम्बिङ स्पोर्ट एसोसिएसनका कार्यवाहक अध्यक्ष रमेश पौडेलले लामो समयपछि च्याम्पियनसिप आयोजना गर्न सफल भएको र यो सुरुवात भएको बताए ।

'हाम्रो टिम र स्पोनसरको साथ र सहयोगले पहिलो पटक च्याम्पियनसिप सम्पन्न गरेका छौं । यो सुरुवात मात्र हो । हाम्रो लक्ष्य भनेको नेपाली क्लाइम्बिङ स्पोर्ट्का खेलाडीहरूलाई ओलम्पिकसम्म पुऱ्याउने हो,' पौडेलले भने ।



भारत नियन्त्रित कश्मीरको श्रीनगरस्थित हजरतबल धार्मिकस्थलमा शनिबार इस्लाम धर्मका चौथो खलीफा हजरत अलीको सहिद दिवस मनाउन विशेष प्रार्थनाको क्रममा प्रधान पुजारीले पैगम्बर मुहम्मदको दाह्रीको रौं भएको पवित्र अवशेष प्रदर्शन गर्नेक्रममा प्रार्थना गर्दै मुस्लिम भक्तजनहरू । *तस्बिरः एपी*

# पाँच लाख आप्रवासीको कानुनी मान्यता खारेज गर्दै अमेरिका

**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाले शुक्रबार लाखौं आप्रवासीको कानुनी हैसियत समाप्त गर्ने घोषणा गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी इतिहासकै सबैभन्दा ठूलो निर्वासन अभियान सञ्चालन गर्ने र मुख्यतः ल्याटिन अमेरिकी मुलुकबाट आउने आप्रवासीलाई नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

आगामी वर्षको जनवरीसम्म लागू हुने यो आदेशले ट्रम्पका पूर्ववर्ती जो बाइडेनले अक्टोबर २०२२ मा सुरु गरेको एक योजनाअन्तर्गत संयुक्त राज्य अमेरिका आएका लगभग पाँच लाख ३२ हजार क्युबा, हाइटी, निकारागुआ र भेनेजुएलाका नागरिकहरूलाई प्रभावित गर्ने छ ।

अमेरिकी गृह मन्त्रालयको आदेश संघीय रजिस्टरमा प्रकाशित भएको ३० दिनपछि उनीहरूले आफ्नो कानुनी सुरक्षा गुमाउने छन् । यसको अर्थ यो कार्यक्रमद्वारा प्रायोजित आप्रवासीहरूले अप्रिल २४ सम्ममा 'संयुक्त राज्य अमेरिका छोड्नुपर्छ' जबसम्म उनीहरूले देशमा रहन अनुमति दिने अर्को आप्रवासन स्थिति प्राप्त गर्दैनन्, आदेशमा भनिएको छ । संयुक्त राज्य अमेरिकामा शरण लिन चाहनेहरूलाई समर्थन गर्ने गैरनाफामुलक संस्था वेलकम डट युएसले कदमबाट प्रभावित भएकाहरूलाई 'तुरुन्तै' अध्यागमन वकिलको सल्लाह लिन आग्रह गरेको छ ।

सन् २०२३को जनवरीमा घोषणा गरिएको क्युवा, हाइटी, निकारागुआ र भेनेजुएलाका नागरिकका लागि (सिएचएनभी) कार्यक्रमले मानव अधिकारको गम्भीर अभिलेख भएका यी चार मुलुकबाट प्रतिमहिना ३० हजार आप्रवासीलाई दुई वर्षका लागि अमेरिका प्रवेशको अनुमति दिएको थियो । बाइडेनले यो योजनालाई अमेरिका र मेक्सिकोको भीडभाड हुने सीमामा दबाब कम गर्ने 'सुरक्षित र मानवीय' तरिकाको रूपमा व्याख्या गरेका थिए । गृह मन्त्रालयले शुक्रबार यो योजना 'अस्थायी' भएको बताएको छ ।

आदेशमा भनिएको छ, 'प्यारोल स्वाभाविकरूपमा अस्थायी हो, र प्यारोलमात्र कुनै पनि अध्यागमन स्थिति प्राप्त गर्नका लागि अन्तर्निहीत आधार होइन, न त यो संयुक्त राज्य अमेरिकामा प्रवेश हो ।' क्यालिफोर्नियाका अध्यागमन वकिल निकोलेट ग्लेजरका अनुसार यो आदेशले सिएचएनभी योजनाअन्तर्गत अमेरिका प्रवेश गरेका ५० लाख आप्रवासीमध्ये अधिकांशलाई असर गर्ने छ ।

'यसका लागि 'केवल ७५ हजार शरण आवेदनहरू कानुनीरूपमा दायर गरिएको थियो, त्यसैले सिएचएनभी प्यारोलहरूको विशाल बहुमतले आफूलाई स्थिति, वर्क परमिट र निष्कासनका लागि योग्य ठहर गर्ने छ,' उनले एक्समा पोस्ट गरेका छन् ।

ट्रम्पले गत साता भेनेजुएलाको एक गिरोहका २०० भन्दा बढी कथित सदस्यलाई एल साल्भाडोरमा उडाउने दुर्लभ युद्धकालीन कानुन लागू गरेका थिए । वासिङ्टनका नेता निकोलस मदुरोको नेतृत्वमा तेलको धनी भेनेजुएलाको अर्थतन्त्र धरासायी भएपछि पछिल्लो एक दशकमा ७० लाखभन्दा बढी भेनेजुएलावासीले आफ्नो देश छाडेका छन् । *रासस⁄एएफपी*

# जापान, चीन र दक्षिण कोरिया शान्ति र सहयोग प्रवर्द्धन गर्न सहमत



**जापान–** दक्षिण कोरिया र चीनले कोरियाली प्रायद्वीपमा शान्ति स्थापना गर्नु साझा जिम्मेवारी भएको तीन देशका शीर्ष कूटनीतिज्ञको बैठकमा शनिबार सहमति भएको छ । गत वर्षको मे महिनामा सियोलमा भएको दुर्लभ त्रिपक्षीय शिखर सम्मेलनपछि भएको वार्तामा ऐतिहासिक र क्षेत्रीय विवादबाट गुज्रिरहेका छिमेकीहरू सम्बन्धलाई प्रगाढ बनाउन सहमत भएका थिए । उनीहरूले आणविक निःशस्त्रीकरण कोरियाली प्रायद्वीपको आफ्नो लक्ष्यलाई दोहोऱ्याएका थिए ।

उत्तर कोरियाले गरेको हतियार परीक्षण र युक्रेनविरुद्धको रुसको युद्धलाई समर्थन गर्न उसले तैनाथ गरेको सेनाको तैनाथीबारे चिन्ता बढिरहेका बेला यस क्षेत्रमा अमेरिकाले व्यापार कर वृद्धि गरेको छ । 'कोरियाली प्रायद्वीपमा शान्ति र स्थिरता कायम गर्नु तीनै देशको साझा हित र जिम्मेवारी हो भन्ने कुरामा हामीले पुनः पुष्टि गरेका छौं,' दक्षिण कोरियाका राष्ट्रपति चो ताइ-युलले शनिबार भने, 'यसका साथै मैले रुस र उत्तर कोरियाबीचको अवैध सैन्य सहयोग तत्काल रोक्नुपर्नेमा जोड दिएको छु ।'

सियोल र टोकियोले प्योङयाङको सबैभन्दा महत्त्वपूर्ण सहयोगी र आर्थिक हितैषी रहेको चीनभन्दा उत्तर कोरियाविरुद्ध बलियो अडान लिने गरेका छन् । जापानका विदेशमन्त्री ताकेशी इवायाले आफू, चो र चीनका विदेशमन्त्री वाङ यीबीच त्रिपक्षीय सहयोग र क्षेत्रीय अन्तर्राष्ट्रिय मामिलामा स्पष्ट विचार आदानप्रदान भएको बताए । उनले भने, 'हामी भविष्य-केन्द्रित सहयोगलाई बढावा दिनेछौं ।'

'अन्तर्राष्ट्रिय परिस्थिति झन्झन् गम्भीर बन्दै गएको छ र हामी इतिहासको एउटा निर्णायक मोडमा छौं भन्नु अतिशयोक्ति होइन,' इवायाले शनिबारको बैठकमा भने । उनले भने, 'यस सन्दर्भमा संवाद र सहकार्यका माध्यमबाट विभाजन र मुठभेडलाई परास्त गर्ने प्रयास गर्नु पहिलेभन्दा बढी महत्त्वपूर्ण भएको छ ।' वाङले यस वर्ष दोस्रो विश्वयुद्धको अन्त्य भएको ८०औं वर्षगाँठ मनाइने र 'इतिहासलाई इमानदारीपूर्वक मनन गरेरमात्र हामी भविष्य निर्माण गर्न सक्छौं' भने । उनले भने, 'सहयोगलाई मजबुत बनाउनुले देशहरूलाई 'संयुक्तरूपमा जोखिमहरूको प्रतिरोध गर्न' र उनीहरूबीच 'पारस्परिक समझदारी'लाई बढावा दिन मद्दत गर्दछ ।

## नयाँ आर्थिक अवसर

शनिबारको एजेण्डामा युक्रेन युद्ध पनि समावेश थियो । युक्रेनबारे बोल्दै जापानी कूटनीतिज्ञ इवायाले एकतर्फीरूपमा बलपूर्वक यथास्थितिको परिवर्तन गर्नु कहीँ पनि अस्वीकार्य हुने धारणा राखेका थिए । 'युक्रेनको अवस्थाका बारेमा मैले अन्तर्राष्ट्रिय समुदाय एकजुट भएर यथास्थितिलाई एकतर्फी रूपमा बल प्रयोग गरेर परिवर्तन गर्ने कुनै पनि प्रयास संसारमा कहीँ पनि सहच हुने छैन भन्ने कुरामा जोड दिएको छु,' उनले भने ।

जलवायु परिवर्तन, बढ्दो जनसंख्या र व्यापारलगायतका विषयमा शनिबार छलफल हुनुका साथै विपद् राहत र विज्ञान तथा प्रविधिमा मिलेर काम गर्ने विषयमा छलफल हुने अधिकारीहरूले बताएका छन् । हालैका हप्ताहरूमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीन र केही हदसम्म दक्षिण कोरिया र जापानमाथि लगाएको करको मारले यी तीनै मुलुकलाई प्रभावित बनाएको छ ।

कुनै पनि मन्त्रीले प्रेसलाई दिएको बयानमा यस मुद्दालाई प्रत्यक्ष रूपमा सम्बोधन गरेनन् । इवायाका अनुसार तीनै जना दुई देशका नेताबीच आगामी शिखर सम्मेलनका लागि समन्वयलाई तीव्रता दिन सहमत भएका छन् । विदेशमन्त्रीले शनिबार दुवै समकक्षीसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ भने जापान र चीनबीच छ वर्षमा पहिलो 'उच्चस्तरीय आर्थिक संवाद' हुने छ । वासिङ्टनस्थित ब्रुकिंस इन्स्टिच्युसनकी विदेश नीति मामिलाविद् पेट्रिसिया एम किमले भने, 'एक दशकभन्दा बढी समयदेखि त्रिपक्षीय संवाद जारी छ, तर नयाँ अमेरिकी अडानका कारण यो चरणको 'उच्च महत्त्व' छ।'

'उनीहरूका नेताहरूलाई आफ्ना विकल्पहरू विविधीकरण गर्न र वैकल्पिक आर्थिक अवसरहरू खोज्न बढ्दो दबाब छ,' उनले एएफपीसँग भने, 'अमेरिकासँगको बढ्दो द्वन्द्वबीच बेइजिङले अन्य प्रमुख र मध्यम शक्तिराष्ट्रसँग सम्बन्ध सुधारगर्न सक्रियताका साथ काम गरिरहेको छ,' उनले भने । *रासस⁄एएफपी*

# 'भावी पुस्ताका लागि पानीको रक्षा गरौं'



**नयाँदिल्ली–** प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व जल दिवसको अवसरमा पानी संरक्षण र दिगो विकास प्रवर्द्धन गर्ने भारतको प्रतिबद्धतालाई दोहोऱ्याएका छन् । पानीको महत्त्वलाई प्रकाश पार्दै प्रधानमन्त्री मोदीले भावी पुस्ताका लागि जल स्रोतको संरक्षण गर्न आग्रहसहित सामाजिक सञ्जाल एक्समा पोस्ट गरेका हुन् ।

यसैबीच, जलशक्ति मन्त्रालय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालय र हरियाणा सरकारको सहकार्यमा विश्व जल दिवसको अवसरमा शनिबार 'जल शक्ति अभियानः 'जलको सञ्चय-२०२५' सुरु गर्ने तयारी गरेको छ । जल शक्ति मन्त्रालयका अनुसार अभियानले 'पानी संरक्षणका लागि तीव्र सामुदायिक पहल'माथि जोड दिएको छ । अभियानले जलवायु परिवर्तन र बढ्दो जलजन्य चुनौतीको सामना गर्न जल सुरक्षा, वर्षाबाट आउने पानीको सञ्चयलगायतलाई जोड दिएको छ ।

अभियानले १४८ जिल्लामा सरकारी निकाय समुदाय तथा हितग्राहीहरू बीच पानीको दिगो व्यवस्थापन गर्ने समन्वयलाई बढावा दिन्छ । अभियानको उद्देश्य 'हरेक थोपा गणना' को दृष्टिकोणलाई वास्तविकतामा परिणत गर्दै जल संरक्षणका लागि राष्ट्रव्यापी चेतना र कार्यहरू चलाउनु हो ।

अभियानले नागरिकलाई जलजन्य समस्या समाधानमा सहकार्यको माध्यमबाट भारतको पानीको भविष्य सुरक्षित गर्न आह्वान गरेको छ । सन् १९९३ देखि प्रत्येक वर्ष मार्च २२ लाई संयुक्त राष्ट्र संघको नेतृत्वमा वार्षिक रूपमा विश्व जल दिवसका रूपमा मनाउँदै आइएको छ । *रासस⁄एएनआई*

# आगलागीपछि अवरुद्ध हिथ्रो विमानस्थल पूर्ण सञ्चालनमा

**लण्डन–** युरोपको अति व्यस्तमध्येको हिथ्रो विमानस्थल 'पूर्णरूपमा सञ्चालनमा' आएको विमानस्थल प्रशासनले बताएको छ । विमानस्थलको सेवा बन्द भई यात्रामा समस्या उत्पन्न भएको एक दिनपछि शनिबार हिथ्रो विमानस्थल 'पूर्णरूपमा सञ्चालनमा' आएको विमानस्थलका एक प्रवक्ताले बताए ।

विमानस्थलको विद्युत् सबस्टेसनमा आगलागी हुँदा शुक्रबार अधिकांश समय लण्डन विमानस्थल बन्द भएको थियो भने साँझपछि आंशिकरूपमा उडान सेवा सञ्चालनमा आएका थिए । 'हिथ्रो विमानस्थल आज पूर्णरूपमा खुला भई पुनः सञ्चालनमा आएको छ,' उनले बताए ।

उनलेभने, 'विमानस्थलभरिकाटोलीहरूले 'अफ-एयरपोर्ट पावर सबस्टेसन'मा हिजोको आगलागी र विद्युत् कटौतीका कारण प्रभावित यात्रुहरूलाई सहयोग गर्न सक्दो प्रयास जारी राखेका छन् ।'



फ्लाइटराडार २४ ट्र्याकिङ वेबसाइटका अनुसार शुक्रबारको बन्दका कारण करिब एक हजार ३५० उडान प्रभावित भएका छन् । 'हामीसँग हाम्रा टर्मिनलहरूमा सयौं अतिरिक्त सहकर्मीहरू छन् र हामीले विमानस्थलमार्फत यात्रा गर्ने थप १० हजार यात्रुहरूलाई सुविधा प्रदान गर्न आज (शनिबार)को तालिकामा उडानहरू थपेका छौं,' उनले शनिबार भने । विमानस्थल प्रशासनले एक विज्ञप्ति जारी गरी भनेको थियो, 'आज यात्रा गर्ने यात्रुहरूले आफ्नो उडानको बारेमा नवीनतम् जानकारीका लागि आफ्नो एयरलाइनसँग निरन्तर सम्पर्कमा रहन अनुरोध गरिएको छ ।'

हरेक दिन करिब दुई लाख ३० हजार यात्रुले हिथ्रो विमानस्थलको प्रयोग गर्छन् । विमानस्थलले वार्षिक आठ करोड ३० लाख यात्रीलाई सेवा दिन्छ । हिथ्रो विमानस्थलबाट करिब ८० देशमा उडान हुँदै आएको छ । अवरोधको परिमाणले बेलायतको यात्रा पूर्वाधारको महत्त्वपूर्ण टुक्राहरूमध्ये एकको कमजोरीको बारेमा प्रश्न उठाएको छ । बिहीबार राति भएको आगलागी 'शंकास्पद नभएको' र अनुसन्धान 'विद्युतीय वितरण उपकरणमा केन्द्रित हुने' अधिकारीहरूले बताएका छन् । यसअघि लण्डनको महानगरीय प्रहरी बलको आतंकवादप्रतिरोधी कमाण्डले आगोको प्रभावलाई ध्यानमा राखेर अनुसन्धानको नेतृत्व गरिरहेको बताएको छ । *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १७५००० | प्रति तोला – ० | प्रति तोला – १९९५ |



**सयपत्री फूलको खेती** | सर्लाहीको बह्मपुरी गाउँपालिका–३ भेल्हीस्थित किसानले व्यवसायिक रूपमा गरेको सयपत्री फूल खेती । यहाँका किसानले व्यवसायिक रूपमा फूलखेती गर्न थालेपछि भारतबाट आयात हुने फुलमा कमी आएको छ । *तस्बिरः विश्वनाथ ठाकुर/रासस*

## मुलुकको समृद्धिका लागि पानीको महत्त्व बढेको छ : ऊर्जामन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले दैनिक जीवनयापनसँगै मुलुकको समृद्धिका लागि पानीको महत्व बढेर गएको बताएका छन् । जल तथा ऊर्जा आयोगको सचिवालयको आयोजना तथा राष्ट्रिय सिँचाइ जल उपभोक्ता महासंघको सहकार्यमा आजदेखि सुरु भएको 'प्रथम राष्ट्रिय पानी सम्मेलन-२०८१'को शनिबार यहाँ उद्घाटन गर्दै उनले पानीको स्रोतको उचित उपयोगमा जोड दिए ।

सरकारले पानीको संरक्षणसँगै पानीबाट सिर्जित चुनौतीको व्यवस्थापनलाई सँगसँगै अगाडि बढाइरहेको उनले बताए । मन्त्री खड्काले पानी र यसका स्रोतको संरक्षणमा सबै नागरिक सक्रिय हुनुपर्छ भने ।

मन्त्री खड्काले नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन वटै तहलाई जलस्रोतको समुचित प्रयोग र संरक्षणको जिम्मेवारी दिएको तथा राष्ट्रिय जलस्रोत नीति-२०७७ ले मुलुकको आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि अधिकतम उपयोगमा जोड दिएको बताए । हिमालय पर्वत शृंखलाबाट उत्पन्न नदी तथा हिमनदीले देशको ऊर्जा, कृषि, पर्यटन र जैविक विविधताको आधार निर्माण गरेको मन्त्री खड्काको भनाइ थियो । जलवायु परिवर्तनका असरलाई घटाउँदै जलस्रोतको दिगो उपयोगका लागि स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदारीलाई विस्तार गर्नुपर्नेमा उनले जोड दिए ।

आइतबार समापन हुने सम्मेलनमा हिमनदीको संरक्षण, एकीकृत जलस्रोत व्यवस्थापन, जल सुशासन र जनसहभागिता, अन्तरदेशीय सहकार्य, वृहत आयोजनाबाट हुनुपर्ने सेवा प्रवाह, जलस्रोतको बहुउपयोग र जलवायु परिवर्तन, कृषि उत्पादकत्व, खानेपानी र सरसफाइ, जलस्रोतको उपयोग गरी समृद्धि हासिल गर्ने, समावेशी विकासका लागि जल प्रशासन र नीतिगत सुधारमा विविध विषयमा छलफल हुने आयोगका सचिव मधुप्रसाद भेटुवालले जानकारी दिए ।

ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारी, सदस्य डा आरपी विच्छा, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडी, राष्ट्रिय सिँचाइ जल उपभोक्ता महासंघका अध्यक्ष शम्भु दुलालले जलसंरक्षणको महत्वबारे आ-आफ्ना धारणा व्यक्त गरेका थिए ।

## निर्वाहमुखी कृषिलाई आधुनिकीकरण गर्न जोड

**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले कृषि क्षेत्रबाट फाइदा लिन निर्वाहमुखी कृषिलाई आधुनिकिकरण र व्यवसायिकरण गर्नु पर्ने बताएका छन् । नेपाल कृषि तथा मेशिनरी व्यवसायी सघंको नवौं वार्षिक साधारणसभाको अवसरमा मन्तव्य राख्दै अध्यक्ष ढकालले कृषिमा पर्याप्त सम्भावना भएपनि नेपालले त्यसबाट फाइदा लिन नसकेको बताए ।

उनले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि कृषिको यान्त्रिकरण, आधुनिकिकरण र व्यवसायिकरणको गर्नु पर्ने बताए । 'नेपालको भौगोलक वनावट, हावापानीमा भएको विविधता, प्राकृतिक साधन र श्रोत हेर्दा कृषि क्षेत्रमा अत्यन्त ठूलो सम्भावना छ । यसलाई व्यवसायिक बनाउन सकियो भने लाखौ मानिसलाई कृषि मै रोजगारी सिर्जना गर्न सकिन्छ र देशलाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिन्छ । कूल ग्राहस्थ उत्पादनमा कृषिको योगदान बढाउन सकिन्छ,' उनले भने ।

उनले देशलाई कृषि प्रदान भन्ने तर कृषि क्षेत्रलाई सधैं उपेक्षा गरिएको बताउँदै आउने बजेटमा कृषि क्षेत्रलाई प्राथमिकता दिन र कार्यान्वयन योग्य बजेट निर्माणका लागि सरकारसंग आग्रह गरे ।

महासंघले कृषि उद्यम केन्द्रका माध्यमबाट विभिन्न कार्यहरू गर्दै आएको जानकारी दिँदै उनले महासंघ ७७ जिल्लामा रहेका आफ्ना १२४ जिल्ला नगर उद्योग वाणिज्य संघहरूसंग समन्वय गरि सरकारसंग मिलेर काम गर्न तयार रहेको बताए ।

## बागमती प्रदेशको बजेट खर्च २५ प्रतिशत

■ प्रभाव संवाददाता

**बागमती–** बागमती प्रदेशको खर्च निराशाजनक देखिएको छ । प्रदेश सरकारले चालु आव २०८१/८२ को साउनदेखि फागुन महिनासम्ममा कूल बजेटको करिब २५ दशमलव ६२ प्रतिशत मात्र खर्च गर्न सकेको छ ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी इन्दराज सन्यालका अनुसार चालु आवका लागि प्रदेश सरकारले रु ६४ अर्ब ५४ करोड चार लाख ३१ हजारको बजेट ल्याएकामा आठ महिना सकिँदा रु १० अर्ब ५० करोड २९ लाख नौ हजार खर्च भएको छ । बजेटमध्ये चालुको तुलनामा पुँजीगततर्फको बजेट कम खर्च भएको उनको भनाइ छ । सो अवधिमा चालुतर्फ ३५ दशमलव २२ प्रतिशत र पुँजीगततर्फ १९ दशमलव ९४ प्रतिशत बजेट खर्च भएको छ ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले ४७ दशमलव ६९ प्रतिशत, प्रदेशसभा सचिवालयले ३८ दशमलव २२ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले नौ दशमलव ७९ प्रतिशत बजेट खर्च गरेको सूचना अधिकारी सन्यालले बताए । चालु आवको दोस्रो चौमासिकसम्म चालु खर्च बढी हुने र पुँजीगत खर्च कम हुने गरेको छ । योजनाहरू कार्यान्वयनमा जान नसकेकाले खर्च कम देखिएको छ ।

### राजस्व संकलन बर्सेनि घट्दो

बागमती प्रदेशको राजस्व संकलन बर्सेनि घट्दै गएको छ । चालु आवको आठ महिनाको अवधिमा बागमती सरकारले लक्ष्यको ३८ दशमलव १३ प्रतिशत मात्र राजस्व संकलन गर्न सकेको छ । सूचना अधिकारी सन्यालका अनुसार प्रदेश सरकारले राजस्व बाँडफाँडबाट रु २९ अर्ब ५५ करोड ८९ लाख राजस्व संकलनको लक्ष्य राखेकामा सो अवधिमा लक्ष्यको ४७ दशमलव ०३ प्रतिशतअर्थात् रु १३ अर्ब ९० करोड २७ लाख ६८ हजार मात्र राजस्व संकलन गरेको छ । यस्तै सङघीय सरकारबाट रु १५ अर्ब ५७ करोड ५६ लाख अनुदान प्राप्त हुने अनुमान गरिएकामा चालु आवको आठ महिनामा लक्ष्यको ५२ दशमलव ५८ प्रतिशत अर्थात् रु आठ अर्ब १८ करोड ९९ लाख ६४ हजार अनुदान प्राप्त भएको छ ।

प्रदेश सरकारको आन्तरिक स्रोतबाट रु चार अर्ब ५३ करोड ८४ लाख ७९ हजार राजस्व संकलनको लक्ष्य रहेकामा सो अवधिमा लक्ष्यको ५२ दशमलव ४१ प्रतिशत अर्थात् रु दुई अर्ब ३७ करोड ८५ लाख ८८ हजार राजस्व मात्र संकलन भएको सूचना अधिकारी सन्यालले बताए । यसअघि अघिल्लो आवमा बागमती प्रदेशको राजस्व रु नौ अर्ब तीन करोड ३१ लाख २७ कम संकलन भएको थियो ।

प्रदेश सरकारले आव २०८०/८१ मा राजस्व बाँडफाँट शीर्षकबाट प्राप्त राजस्व, प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्व र संघीय सरकारबाट प्राप्त अनुदान समेतबाट रु ४८ अर्ब २५ करोड ४३ लाख ७५ हजार राजस्व संकलन हुने अनुमान गरिएकामा ती सबै शीर्षकबाट रु ३९ अर्ब २२ करोड १२ लाख ४७ हजार मात्र राजस्व संकलन गर्न सकेको थियो ।

आव २०७९/८० मा पनि बागमती प्रदेश सरकारले अनुमान गरेको भन्दा १७ प्रतिशत कम राजस्व संकलन गरेको थियो । प्रदेश सरकारले आव २०७९/८० मा रु ५५ अर्ब ३१ करोड राजस्व संकलनको अनुमान गरेकोमा रु ४५ अर्ब ८ड करोड राजस्व संकलन गरेको थियो । संघीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आय कर, प्राकृतिक स्रोत उत्खनन दस्तुर, मालपोतलगायतका राजस्व संकलनमा आएको कमी र आर्थिकमन्दीका कारण संघीय सरकारले केही कार्यक्रम कटौती गर्नुजस्ता कारणले राजस्वमा कमी आएको बागमती प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद उपाध्यायले बताए ।

## वनको खाली जग्गामा खेती गरेर आम्दानी

■ अञ्जली थापा

**हेटौंडा (मकवापुर)–** यहाँका सामुदायिक वनको खाली स्थानमा खेती गरेर महिलाले मनग्य आम्दानी गर्दै आएका छन् । मनहरी गाउँपालिकास्थित पशुपति, डिपाट र सुनाचुरी सामुदायिक वन क्षेत्र भएर जाने विद्युत् प्रसारण लाइन विस्तारका लागि ठूला रूख हटाएर खाली भएको ठाउँमा उनीहरूले खेती गरेका छन् ।

पुनः ठूला रूख रोप्न नसकिने सामुदायिक वनका ती जग्गामा अदुवा, बेसार र जडीबुटीखेती गरिएको छ । आफ्नै बारी नभएका विपन्न महिलाले यही खाली जग्गाको उपयोग गरिरहेका हुन् । आफ्नो जमिन नभएकी दलित समुदायकी चम्पामाया परियारले खेतीबाट राम्रो आम्दानी गरिरहेकी छिन् ।

पशुपति सामुदायिक वन उपभोक्ता समूहले गठन गरेको लालीगुराँस जडीबुटी महिला आयआर्जन समूहकी अध्यक्ष चम्पामाया बिहान सबेरै घरको काम सकेर गोठका गाईवस्तुलाई घाँस पराल दिन सामुदायिक वनभित्रको हाइटेन्सनमुनि पुग्छिन् । जडीबुटी आयआर्जन समूह नै बनाएर उक्त समूहका सदस्यसहित गरिएको खेतीले उनलाई आत्मसन्तुष्टिसँगै आर्यआर्जनका लागि बाटो बनाइदिएको उनी बताउँछिन् । घरमा पालिएका गाईबाखालाई पनि जडीबुटीखेती गरिएको स्थानबाटै घाँसको व्यवस्था गर्छिन् । आयआर्जनका मुख्यस्रोत जडीबुटीखेती बनाउन कम्मर कसेर लागेकी परियारलाई सामुदायिक वनको हाइटेन्सनमुनि गरिएको जडीबुटी र घाँसपातसँगको लगाव र झुकावले घर बस्नै नसक्ने बनाएको छ ।

नौ वर्षअघिदेखि वनस्पति कार्यालयबाट उपलब्ध गराइएको सर्पगन्धाबाट सुरु गरिएको खेती पछि गएर उनले समूहसँग मिलेर बेसार र अदुवाखेतीको पनि विस्तार गरेकी छिन् । उनीहरूले उत्पादन गरेको जडीबुटी, अदुवा, बेसार बिक्री गर्न खासै समस्या नभए पनि बीउपुँजी बढाउन पाए हुने भन्ने उनलाई लागेको छ । पानी पर्दा ओत लाग्न र खेतीलाई अस्थायी रूपमा भित्र्याउन खेती भइरहेको स्थानमा नै टहरा निर्माण गरेकी छिन् । उक्त टहरा निर्माणका लागि बागमती प्रदेशसभा सदस्य भारती पाठकको आर्थिक सहयोग, समूहको श्रमदानबाट सम्भव भएको चम्पामायाको भनाइ छ ।

चम्पामायालाई अहिलेको समूहकी अध्यक्ष चम्पा बन्नका लागि निकै संघर्ष गर्नुपरेको थियो । सानो उमेरमा दमाई भनेर हेपिएकी उनी अहिले समुदायकै प्रेरणा बनेकी छिन् । समूहमा लागेर साधारण लेखपढ गर्न, बोल्न र नेतृत्व विकास गरेकी उनको जीवन अहिले जति सुन्दर देखिन्छ उनले भोगेको दुःखको कथा पनि त्यत्तिकै कहालीलाग्दो छ । सानो छँदा उनलाई हेप्नेमात्र होइन, नागरिकता बनाउँदा पनि उनको थर दमाई लेखिएको सम्झँदै तत्कालीन नागरिकता वितरण गर्ने अधिकारीप्रति आक्रोश पोखिन् । उनको मात्र होइन, उनका श्रीमान्को नागरिकतामा पनि थर दमाई उल्लेख गरिएको छ । सोही कारण आफ्ना छोराछोरीको नागरिकतामा पनि दमाई लेखिएको बताउँदै उक्त कारणले छोराछोरीमा हीनताबोध गराएको उनी सुनाउँछिन् ।

उक्त क्षेत्रका महिलाको आदर्श बनेकी उनले यही समाजमा रहन बस्न निकै संघर्ष गर्नुपरेको सम्झिन्छन् । मकवानपुरको मकरीमा जन्मिएकी परियारको पारिवारिक तथा पुर्ख्यौली काम भनेको कपडा सिलाएकी थिइन् । तर अन्य समुदायमा छोराछोरीबीच विभेद भएजस्तै उनको घरमा पनि उनलाई खाना बनाउन सिकाइन्थ्यो भने उनका दाजुभाइलाई कपडा सिलाउन सिकाउने गरेको उनी सम्झिन्छन् । खेत जोत्ने, किसानी गर्ने परिवारमा विवाह भएर गएपछि खेत जोत्ने, वन जाने, मेला जाने मेरो दैनिकी नै भयो । त्यही क्रममा गर्भवती हुँदा समेत रूखबाट लडेर थला परेँ, छोरासमेत गुमाएको उनले बताइन् ।

मकवानपुरको सरिखेतबाट मनहरीमा बसाइँ सरेर आएपछि उनी अनेमसङ्घमा आबद्ध भइन् । उनले सोही समयबाट प्रौढ शिक्षा पढेर साधारण लेखपढ गर्न जान्ने भएको बताइन् । सामुदायिक वनमा सदस्य बन्दा सुरुमा दलित महिला कोटामा प्रवेश गरेको भए पनि दलित भनेर दयाको आधारमा सीमित हुन नचाहेको उनी बताउँछिन् । उनी भन्छिन्, 'दलित त मलाई समुदायले बनाएको हो म के बन्ने भन्ने त मेरो निर्णय हो जस्तो लाग्यो, त्यसपछि सिक्ने र गर्ने काम केही छोडिनँ । बोल्ने र काम गर्ने आँट भने यो सामुदायिक वनको सदस्य भएपछि बन्यो ।'

बिहानबेलुका जसोतसो छाक टार्ने र दिनभर सुतेर समय बिताउने महिला अहिले सक्षम र व्यस्त हुन थालेको चम्पामायाको भनाइ छ । सामुदायिक वनले जीवन फेरिएको उदाहरण आफ्नो समूह रहेको बताउँदै उनी भन्छिन्, 'खेती गरौं जमिन छैन, अरू काम गर्न लगानी छैन, यस्तो अवस्थमा सामुदायिक वन उपभोक्ता महासंघले ल्याएको यो कार्यक्रमले हामीलाई परिवर्तन नै गरिदिएको छ ।' *रासस*


**पानीका स्रोतको संरक्षण गरौं ।**

- वनसम्पदाको संरक्षण गरौं,
- खुला ठाउँमा वृक्षरोपण गरौं,
- इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- भूमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षणबारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ